लेखापरीक्षण प्रतिवेदन

रोङ गाउँपालिका, इलाम

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

रोङ गाउँपालिका, इलाम

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/461

श्रीमान् अध्यक्षज्यू,
रोङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय, पहरीगाउँ, इलाम ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/461

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्री अध्यक्षज्यू ,

रोङ गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय

पहरीगाउँ, इलाम ।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु.१ अर्ब २३ करोड ९७ लाख ७५ हजारको लेखापरीक्षणबाट रु. १ करोड ४५ लाख ५३ हजार बेरुजू देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोले असुल गर्नुपर्ने रु ३ लाख ७४, प्रमाण कागजात पेस गर्नुपर्ने रू ६५ लाख २९, नियमित गर्नुपर्ने रु ७६ लाख ५० गरी जम्मा रु. १ करोड ४५ लाख ५३ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. २३ करोड ३७ लाख ४५ हजार मध्ये रु. २ करोड ४४ लाख ८७ हजार फस्यौंट भई यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु. २२ करोड ३८ लाख ११ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
१०४	३३	१,४५,५३,५७१	०	०	०	०	१०४	३३	१,४५,५३,५७१	३,७४,२०८	७६,५०,०६०	६५,२९,३०३	०	०	१,४१,७९,३६३	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फर्स्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
इलाम	२३,३७,४५,०००	०	२,४४,८७,६५१	२०,९२,५७,३४९	०	१,४५,५३,५७१	२२,३८,१०,९२०

बेरुजु सम्परीक्षणको विवरण

क.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	रकम
१	२०८०/८१	३०.२	सटर भाडा	१,०५,३२२
२	२०८०/८१	५३	रोड कृषि वजार	७९,५१६
३	२०८०/८१	६२	बढी भुक्तानी	३७,७००
४	२०७९/८०	७४	विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान:	६,४७,०००
५	२०७९/८०	३७	गरिबसँग विश्वेश्वर कार्यक्रम	२,४०,०००
६	२०७९/ ८०	२८	आन्तरिक लेखापरीक्षण वेरुजू	१,६९,५९०
७	२०७८/ ७९	४८	बढी पारिश्रमिकः	६,४३,५००
८	२०७८/ ७९	२२	पेश्कीः	१,००,०००
९	२०७८/ ७९	४९	पुस्तकको वितरण भरपाईः	४,३८,२१०
१०	२०७८/ ७९	१५.१	धरौटीः	१,१५,४४५
११	२०७८/ ७९	२९	जेष्ठ नागरिक सम्मान कार्यक्रमः	१४,९८,१०९
१२	२०७८/ ७९	३४	खानेपानी विस्तारः	४,४२,६४३
१३	२०७८/ ७९	३९	उपभोक्ता समितिलाई भुक्तानीः	६,००,०००
१४	२०७८/ ७९	४० र ५१	उपभोक्ता समिति मार्फत खरिदः	१३,१७,३०७
१५	२०७८/ ७९	४२	उपभोक्ता समितिः	१५,१४,४८७

१६	२०७७/७८	१०४	सोझै खरिद	१०,८८,५०६
१७	२०७७/७८	१४	सवारी साधन मर्मत	८,५३,०७३
१८	२०७७/७८	४६	पेश्की बाँकी	८,७१,८४१
१९	२०७७/७८	५१	टुक्रे खरिद	७,८४,५९२
२०	२०७७/७८	५०	खर्च शीर्षक	४,२६,६७८
२१	२०७७/७८	८४	अन्य सार्वजनिक कार्यालयको खर्च भुक्तानी	१,०९,५०४
२२	२०७६।७७	३४	स्वास्थ्य सम्वन्धी औषधी खरिद शिर्षकवाट कोभिड १९ संग सम्वन्धित कार्यमा खर्च लेखेको	४,०६,४७८
२३	२०७५।७६	३८	वोलपत्रको सूचना प्रकाशन गर्दा दरको आधार तय नभई वजेट खर्च गरेको	३०,५१०
२४	२०७५।७६	४१	सामुदायिक वन उपभोक्ता समितिलाई वन कार्ययोजना नविकरण सहयोग भनी गाउँपालिकावाट भुक्तानी	५०,०००
२५	२०७५।७६	४२	विभिन्न कार्यक्रममा शुरु वजेटको २५ प्रतिशत भन्दा वढि रकमान्तर गरी खर्च लेखेको	२५,००,०००
२६	२०७५।७६	५१	सवारी साधन भाडा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गरिएको	९,१२,०००
२७	२०७५।७६	६४	खरिद नियमावलीमा भएको व्यवस्था भन्दा वढि रकमको सोझै खरिद गरी नियमको पालना नभएको	१९,५०,०००
२८	२०७५।७६	७७	सवारी साधन खरिद गर्दा अर्थ मन्त्रालयको स्वीकृती वेगर खर्च गरेको	२६,५८,३००
२९	२०७५।७६	७८	नेपाल सरकारको श्रोतवाट पदाधिकारीको चाडपर्व खर्च लेखेको	३,३३,०००
३०	२०७५।७६	८१	अनुगमन खर्च गर्दा अनुगमन प्रतिवेदन पेश नभएको	१,७५,२४०
३१	२०७५।७६	८३	तालिम खर्च लेख्दा प्रदेश सरकारको नर्म्स भन्दा वढि भुक्तानी भएको अनियमित देखिएको	४४,१००
३२	२०७४।७५	१०	निश्चित व्यक्ती वा संस्थालाई लाभ हुने गरी योजना छनौट गरी वजेट खर्च गरेको	८,४५,०००
३३	२०७४।७५	११	उपभोक्ता समितिलाई कार्यालय भवन निर्माण कार्य गराई भुक्तानी गरेको	२५,००,०००
जम्मा				**२,४४,८७,६५१**

रोङ गाउँपालिका, इलाम

(८०१०३५०५३००)

रोङ गाउँपालिका , इलाम

परिचय

१

(क) कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विद्यायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले रोङ गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ। रोङ गाउँपालिका अन्तर्गत ६ वडा, ३५ सभा सदस्य, १५५.०६ वर्ग किलोमिटर क्षेत्रफल तथा १९१३५ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०७।३० देखि २०८२।८।०४ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय-व्यायतर्फ रु.१ अर्व २३ करोड ९७ लाख ७५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२,८३,१८२ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

बैंकको नाम	भौचर नं.	रकम	दाखिला मिति	प्रयोजन
राष्ट्रिय वाणिज्य बैंक	८९१७६६४०	१६५४९	०८/०४/२०८२	शान्ति निकेतन छुट कर दाखिला
राष्ट्रिय वाणिज्य बैंक	८९१५०३९६	३६५०	०८/०३/२०८२	प्रति विद्यार्थी लागत बढी भुक्तानी
नेपाल इनभेस्टमेन्ट मेगा बैंक लि	१२६५२२४८१	४७६०	२०८२।०८।२६	बैठक भत्ता
नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि	१२६५२२३९२	३९८५	२०८२।०८।२६	बैठक भत्ता
नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि	१२६५२२४०३	२५५०	२०८२।०८।२६	बैठक भत्ता
नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि	१२६५२२४१३	१७००	२०८२।०८।२६	बैठक भत्ता
नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि	१२६५२२४४६	१४८८	२०८२।०८।२६	बैठक भत्ता
नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि	१२६५२२४५६	१४८८	२०८२।०८।२६	बैठक भत्ता
नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि	१२६५२२४७६	२५५०	२०८२।०८।२६	बैठक भत्ता
नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि	१२६५२२४१४	५१०	२०८२।०८।२६	बैठक भत्ता
नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि	१२६५२२५०१	२५५०	२०८२।०८।२८	बैठक भत्ता
नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि	१२६५२२५२३	२५५०	२०८२।०८।२९	बैठक भत्ता
पालिका राजश्व शाखा -बेरुजु खाता	१२६३२२२१०७४	२५५०	२०८२।०८।२९	बैठक भत्ता
पालिका बेरुजु आन्तरिक राजश्व खाता		१९८००	२०८२।०८।२९	पदाधिकारी दोहोरो सुविधा
पालिका बेरुजु आन्तरिक राजश्व खाता		१९८००	२०८२।०८।२९	पदाधिकारी दोहोरो सुविधा
पालिका बेरुजु आन्तरिक राजश्व खाता		७९२०	२०८२।०८।२९	पदाधिकारी दोहोरो सुविधा
पालिका बेरुजु आन्तरिक राजश्व खाता		७९२०	२०८२।०८।२९	पदाधिकारी दोहोरो सुविधा
पालिका बेरुजु आन्तरिक राजश्व खाता		७९२०	२०८२।०८।२९	पदाधिकारी दोहोरो सुविधा
पालिका बेरुजु आन्तरिक राजश्व खाता		७९२०	२०८२।०८।२९	पदाधिकारी दोहोरो सुविधा
पालिका बेरुजु आन्तरिक राजश्व खाता		७९२०	२०८२।०८।२९	पदाधिकारी दोहोरो सुविधा
पालिका बेरुजु आन्तरिक राजश्व खाता		२५५०	२०८२।०८।२९	पदाधिकारी दोहोरो सुविधा
पालिका बेरुजु आन्तरिक राजश्व खाता		२५५०	२०८२।०८।२९	पदाधिकारी दोहोरो सुविधा
पालिका बेरुजु आन्तरिक राजश्व खाता		२५५०	२०८२।०८।२९	पदाधिकारी दोहोरो सुविधा
पालिका बेरुजु आन्तरिक राजश्व खाता		२५५०	२०८२।०८।२९	पदाधिकारी दोहोरो सुविधा
पालिका बेरुजु आन्तरिक राजश्व खाता		२५५०	२०८२।०८।२९	पदाधिकारी दोहोरो सुविधा
नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि	१२६५२२५१२	३४००	२०८२।०८।२९	पदाधिकारी दोहोरो सुविधा
पालिका बेरुजु आन्तरिक राजश्व खाता	२५१२१६००५३२६८६८८	२५५०	२०८२।०९।१	बढी भुक्तानी

नेपाल बैंक लि.	९२४१३५५७	४३२५८	२०८२।१०।०६	शिक्षक चाडपर्व खर्च बढी भुक्तानी
नेपाल बैंक लि.	९२१७६२२२	३००००	२०८२।०९।३०	प्राविधिक धार विद्यालय बढी निकासा
नेपाल बैंक लि.	९१०५७२३५	३२५७२	२०८२।०९।१४	शिक्षक चाडपर्व खर्च बढी भुक्तानी
नेपाल बैंक लि.	९१०५६१७१	३२५७२	२०८२।०९।१४	शिक्षक चाडपर्व खर्च बढी भुक्तानी
	जम्मा	२८३१८२		

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिबेदन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरिएको छ। पालिकाले महालेखापरीक्षकबाट २०७९।८।२० मा स्वीकृत सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्छ।पालिकाको आर्थिक कारोवारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।पालिकाले वर्षभरी गरेको सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०)प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण तयार गरेको छ । तर पालिकाको लागि अन्तर सरकारी अख्तियारी मार्फत निकासा भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२,८७,७०,१८९ स्थानीय तह प्रशासकिय भवन पूर्वाधार बिकास कार्यक्रमको रु.५९,००,०००, रोजगार प्रवर्द्धन कारयक्रमको रु.९८,१०० समेत गरी रु.१३,४७,६८,२८९ सुत्रमा लेखाङ्कन नगरेको रकम लेखापरीक्षण अंकमा समावेश गरिएको छ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोष प्राप्ति र भुक्तानीको स्वीकृती वार्षिक प्रतिवेदन (म.ले.प.फा.न. २७०) सम्वन्धमा निम्नानुसार देखिएको छ।

आय तर्फ				व्यय तथा मौज्दात तर्फ			
सि.नं.	विवरण		रकम	सि.नं.	विवरण		रकम
१	गत वर्षको जिम्मेवारी		२७१३७५८६	१	चालु खर्च		२७८९९४३३२
	क) सञ्चित कोष	१३७७१०३१			आन्तरिक	२९८३०१३५	
	ख) धरौटी	१२०४३५६२			राजश्व बाँडफाँड	७७९४३४४५	
	ग) विविध कोष	१३२२९९३			विशेष अनुदान	०	
	घ) प्रकोप व्यवस्थापन कोष				प्रदेश समानिकरण अनुदान	०	
	ङ) विविध खर्च खाता				समानिकरण अनुदान	२८४९७७७	
	ङ) फिर्ता गर्न बाँकी अनुदान				संघीय सशर्त अनुदान	१६५६८८६३६	
२	राजश्व (आन्तरिक आय) राजश्व बाँडफाँड		१०४०४८२२९		प्रदेश सशर्त अनुदान	२६८२३३९	
	क) कर राजश्व	२४०४७६९३		२	पुँजीगत खर्च		१६५३६६१३०
	ख) राजश्व बाँडफाँड	७३८९८२१७			आन्तरिक	७०१०९७६	
	ग) प्रदेश सवारी कर	४९८४३०९			राजश्व बाँडफाँड	१६३६१६७	
	स्थानीय राजश्व बाँडफाँड	१११८०१०			प्रदेश समानिकरण अनुदान	५२४७५४०	
३	वित्तीय हस्तान्तरण (संघीय सरकार)		३३६७३०१४०		समपुरक अनुदान प्रदेश	९८०१८८५	
	क) समानिकरण अनुदान	८१५७४६४०			समानिकरण अनुदान	७३१९४२२१	
	ख) सशर्त अनुदान	२११९५५५००			संघीय सशर्त अनुदान	१६३६५६९६	
	ग) विशेष अनुदान	२९००००००			प्रदेश सशर्त अनुदान	८३०४१२४	
	घ) समपुरक अनुदान	१५००००००			समपुरक अनुदान संघ	१४८१२७१५	
					विषेश अनुदान संघ	२८९९२८०६	
				३	वित्तीय व्यवस्था		०
					ऋण भुक्तानी	०	
४	वित्तीय हस्तान्तरण (प्रदेश सरकार)		३३४८३०००		व्याज भुक्तानी	०	
	क) समानिकरण अनुदान	५२९२०००			अन्य भुक्तानी	०	
	ख) सशर्त अनुदान	१८१९१०००					
	ग) विशेष अनुदान	०		४	लगानी		०
	घ) समपुरक अनुदान	१०००००००			ऋण लगानी	०	
				५	विभिन्न कोषको खर्च		३५१३१७९

५	वित्तीय हस्तान्तरण (अन्तर स्थानीय तह)		०		कर्मचारी कल्याण कोष वेरुजु दाखिला		
					विविध कोष खर्च	३५१३१७९	
					अपाङ्गता पुन स्थापना कार्यक्रम		
					किसान साझेदारी कार्यक्रम		
					UNDP		
					विविध कोष कर दाखिला		
६	अन्तर सरकारी अख्तियारी		१३४७६८२८९				
	सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम	१२८७७०१८९		६	धरौटी फिर्ता/ सदरस्याहा		३९८०१५६१
	रोजगार प्रवर्द्धन कार्यक्रम	९८१००			फिर्ता	३०८३२६३	
	स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम	५९०००००			सर्शत अनुदान फिर्ता	३६७१८२९८	
				७	अन्तर सरकारी अख्तियारी		१३४७६८२८९
					अन्तर सरकारी अख्तियारी	१३४७६८२८९	
७	विभिन्न कोष तर्फको आय		८३०२३५०	८	मौज्दात		२२०२६१०३
	क) धरौटी	५२६०५७०			क) सञ्चित कोष	६९९३४१२	
	ख) विविध कोष	३०४१७८१			ख) धरौटी	१४२२०८६८	
	ग) प्रकोप व्यवस्थापन कोष				ग) विविध कोष	८१०४३३	
	घ) विविध खर्च खाता				१ विविध खर्च खाता	१३९०	
	ङ) प्रदेश स्थानीय स्वायत्त शासन				२ गरिवी निवारण कोष		
	च) UNDP				घ) प्रकोप व्यवस्थापन कोष	०	
	छ) सडक वोर्ड नेपाल				ङ) फिर्ता गर्न बाँकी अनुदान	०	
	ज) लैङगीक हिंसा निवारण कोष				च) गरिव सँग विशेश्वर कार्यक्रम फिर्ता वाकी	०	
	झ) अपाङ्गता पुन स्थापना कार्यक्रम						
	ट) किसान साझेदारी कार्यक्रम						

जम्मा			६४४४६९५९४		जम्मा		६४४४६९५९४

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **जिम्मेवारी फरक परेको-**

स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । सुत्रको म.ले.प.फा.नं.२७० अनुसार अनुसार आ.व.को अन्त्यमा मौज्दात रु.२,१५,१६,१२५.२९ देखाएकोमा बैंक स्टमेन्ट अनुसार रु.२,२०,२६,१०३ देखाएकोमा धरौटी तर्फ अन्य विविध समायोजन गरिएको रु.५,०९,९७८ का कारण फरक परेको उल्लेख गरेको छ । यथार्थता यकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

४ **बैङ्क हिसाब विवरण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ। सोही बमोजिम पालिकाले कारोवारको बैङ्क हिसाब मिलान विवरण (म.ले.फा.नं. २७० को टिप्पणी ६.२) तयार गरी हिसाब भिडान गर्नुपर्दछ।पालिकाले पेश गरेको विवरण अनुसार देहाय बमोजिम यो वर्षको अन्त्यमा स्रेस्ता अनुसार मौज्दात रू.२,२०,२६,१०३.२९ र बैङ्क अनुसार मौज्दात रू.२,२०,२६,१०३.२९रहेको छ ।

बैंकको नाम	खाताको प्रकार	श्रेस्ता अनुसार बाकी रु	बैंक अनुसार बाकी रु
नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि.	ग २.७ , विविध खर्च खाता	१,३९०.००	१,३९०.००
नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि.	ग ३.१ , स्थानीय तह धरौटी खाता	१, ४२ , २० , ८६८.३५	१, ४२ , २० , ८६८.३५
नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि.	ग ४.१ , स्थानीय तह सञ्चित कोष खाता	६९, ९३ , ४११.९४	६९, ९३ , ४११.९४
नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि.	ग ५.१ , स्थानीय तह विविध कोष खाता	८, १० , ४३३.००	८, १० , ४३३.००
जम्मा		२, २० , २६ , १०३.२९	२, २० , २६ , १०३.२९

५ **फरक हिसाब -**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) ले सबै कारोवार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोवार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा दुवै विवरणको तुलना अन्तरसरकारी अख्तियारी मार्फत निकासा र खर्च भएको रकमका कारण देहायअनुसार यस वर्षको प्राप्ती रु. १३,५३,२२,७००.१ र यस वर्षको भुक्तानी रु. १३,४७,६८,२८९ फरक परेको छ। सुत्रमा पालिकाको सम्पुर्ण आर्थिक कारोवारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७० ले पालिकाको समष्टिगत आर्थिक कारोवारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

विवरण	गत वर्षको जिम्मेवारी	यस वर्षको प्राप्ति	यस वर्षको भुक्तानी	बैँक मौज्दात
म.ले.प.फा.२७०	२, ७४ , ७७ , ८४०.९६	४३, ७५ , ५२ , ३७७.०४	४४, ४३ , ४० , ४६२.२४	२, २० , २६ , १०३
एकिकृत वित्तीय विवरण अनुसार	२, ७४ , ७७ , ८४०.९६	५७,२८,७५,०७७.१४	५७,९१,०८,७५१.२४	२, २० , २६ , १०३
फरक	०	१३,५३,२२,७००.१	१३,४७,६८,२८९	०

६ **खरिद योजना -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७. मा वार्षिक रू.१० करोडभन्दा बढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने र नियम ८. मा वार्षिक रू.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष विभिन्न शीर्षक अन्तर्गत रू.१६ करोड ५३ लाख ६६ हजार पुँजीगत खर्च गरेको देखियो। वार्षिक खरिद योजना र

गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।पालिकाले खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

७ **योजना तर्जुमा तथा कार्यान्वयन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलमुखी योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ।योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष रू.५ लाखभन्दा साना १७०, रु.५ लाख देखि २० लाख सम्मका ३९ र रू. २० लाख माथिका १५ योजनामा खर्च गरेको देखियो। यो वर्ष पालिकाबाट सम्पन्न योजनाहरूको संख्यात्मक विवरण निम्नानुसार छन्।

विवरण	जम्मा योजना संख्या	रु.२० लाख माथिका	रु.५ लाख देखि २० लाख सम्मका	रु.५ लाख मुनिका
पालिकातर्फ	१२५	१५	३४	७६
वडातर्फ	९९	०	५	९४

साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दीर्घकालिन उपलब्धि नहुने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी दिगो प्रतिफल प्राप्त हुने योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।

८ **बजेट समिक्षा नभएको** -

अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्था छ । पालिकाले योबर्ष बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी सार्वजनिक गरेको छैन् । ऐनमा भएको व्यवस्था अनुरुप बजेट कार्यान्वियनको समिक्षा गर्नुपर्दछ ।

९ **बजेट तथा कार्यक्रम तर्जुमा** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७.(१) मा ४ प्रकारका बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ। पालिकाले समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गर्न कुनै मापदण्ड तथा कार्यविधि तयार गरेको नदेखिएकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यबस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

१० **आवधिक योजना** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

११ **रकमान्तर** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रहि कुनै शीर्षकबाट पुँजिगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ।उल्लिखित व्यवस्था अनुसार चालु शीर्षकमा रकमान्तर गर्न सक्ने कानूनी व्यवस्था देखिदैन। पालिकाले पेश गरेको विवरण अनुसार यो वर्ष निम्नानुसार एक शीर्षकबाट अर्को शीर्षकमा बजेट रकमान्तर गरेको देखियो।जस अनुसार कुल रू.२ करोड ९९ लाख २६ हजार ३५० बजेट रकमान्तर भएको देखियो। बजेट रकमान्तर गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

घट कायम भएको		थप कायम भएको	
कार्यक्रम	रकम	कार्यक्रम	रकम
विभिन्न ७२	२,९९,२६,३५०	विभिन्न ८९	२,९९,२६,३५०

१२ **बजेट सीमा निर्धारण समिति** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्ने व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, स्रोत साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षे त्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गते भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुपर्ने व्यवस्था छ। साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ। पालिकाले त्यस्तो समिति गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्न सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

१३ **अबण्डा बजेट** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष लागत साझेदारी शिर्षकमा रु. ७८,७०,४९९ वजेट विनियोजन गरी बिभिन्न योजना तथा कार्यक्रममा रु. ७७,१२,६५२।७७ खर्च गरेको पाईयो। स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ समेतलाई ख्याल नगरी पछि बाँडफाट हुने गरी अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनामा खर्च गरेको छ। यसरी ठूलो मात्रामा बजेट अबण्डामा राखी खर्च गर्ने गरेको देखियो। बजेट खर्चलाई बजेट अनुशासन र पद्धतिमा आधारित बनाउनुपर्दछ।

१४ **गत वर्षको भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९.२ (घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्न बाँकी रकम समावेस गरेर बजेट बनाउनु पर्ने व्यवस्था छ।पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं.२२१) प्रमाणित गराई राख्नु पर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको बजेटमा गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी रू.५५ लाख ६३ हजार ९६९ भुक्तानी दिएको छ।आगामी वर्ष दायित्व सृजना गर्ने गरी बजेट व्यवस्थापन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

कार्यक्रमको नाम	कारोबारको संक्षिप्त व्यहोरा	भुक्तानी पाउनेको नाम	भुक्तानी दिन बाँकी रकम
चालुतर्फ			
सवारी साधन मर्मत	पालिकाको पिकअपको मर्मत तथा टायर	बि.एन. इन्टरप्राइजेज	२०१९९८
सामुदायिक बन कार्ययोजना निर्माण	सामुदायिक बनको आवश्यक कार्ययोजना निर्माण	फरेष्ट एण्ड इन्भारोमेन्ट रिसर्च अर्गनाइजेसन प्रालि	९८०००
सामाजिक परिक्षण कार्यक्रम	स्वास्थ्य संस्थाको सामाजिक परिक्षण कार्यक्रम	इलाम मल्टिपर्पोज कम्पनी प्रा.लि.	९९२१४
हेभी सवारी साधन मर्मत	व्याक हो लोडर जेसिभि मर्मत	सेभ कन्स्ट्रक्सन प्रालि	५२५११८
सेनिटरी प्याड वितरण	अपाङ्गता भएका महिलाहरूलाई स्यानीटरी प्याड वितरण कार्यक्रम	नित्य श्री सप्लायर्स	१२६००५
करार सेवा शुल्क	दैनिक ज्यालादारीमा कार्यरत प्रकाश भुजेलको असार महिनाको पारिश्रमिक	प्रकाश भुजेल	३००८२
मसलन्द सामाग्री	कार्यालयमा आवश्यक विभिन्न मसलन्द सामाग्री खरिद	मुक्साम पब्लिकेशन एण्ड ट्रेडर्स	४१४७८८
ज्येष्ठ नागरिक रेडियो संवाद	ज्येष्ठ नागरिक रेडियो संवाद कार्यक्रम	सुर्योदय संचार विकास केन्द्र प्रा लि	२१०५२०
मेशिनरी औजार	क्यामेरा लेन्स खरिद	कनकाइ कम्प्युटर	६४२४२
मेशिनरी औजार	ल्यापटप खरिद	क्वालिटि कम्प्युटर	१४८०३०
सफ्टवेयर नवीकरण	राजस्व सफ्टवेयर नवीकरण	सफ्टेक इन्फोसिस प्रालि	१९७७५०
रोडको सेरोफेरो	रोडको सेरोफेरो	आँगन एफ एम प्रा लि	१९८०३६
सवारी साधन मर्मत	सवारी साधन मर्मत	बुद्दिराज भुजेल	५१२३९
मौरी प्रवर्द्धन	मौरी प्रवर्द्धन कार्यक्रम	श्री सृजना सामुदायिक वन उस	७४७१२
शिक्षक परिचयपत्र	शिक्षक परिचयपत्र छपाई	हारती अफसेट प्रेस	४७४६०
वडा नं. ३ शान्तिनिकेतन मावि सहयोग	वडा नं. ३ शान्तिनिकेतन मावि सहयोग	शान्ति निकेतन मावि	८००००
वडा नं. २ सिकाइ उपलब्धी सुधार तथा शिक्षक कर्मचारी प्रोत्साहन	वडा नं. २ सिकाइ उपलब्धी सुधार तथा शिक्षक कर्मचारी प्रोत्साहन	श्री शान्तिपुर मा.वि.	२५०००
राष्ट्रपति रनिङ शिल्ड	वडा नं. २ राष्ट्रपति रनिङशिल्ड छनौट तथा खेलकुद सामाग्री खरिद	निर्मल पाण्डे	१०००००
वडा नं. १ कृषि औषधी	वडा नं. १ कृषि औषधी खरिद	न्यू कृषि बिज भण्डार	९२४०५
वडा नं. १ फोहोरमैला व्यवस्थापन	वडा नं. १ सरसफाई तथा फोहोरमैला व्यवस्थापन	इन्दु खतिवडा	५००००
वडा नं. १ अतिथि सत्कार	वडा नं. १ को अतिथि सत्कार तथा कार्यालय संचालन खर्च	सुमन लावती	५८९००
वडा नं. ३ अतिथि सत्कार	वडा नं ३ अतिथि सत्कार खर्च	राकेश कुमार राउत	३९०००
वडा नं. १ सम्मान विदाई कार्यक्रम	वडा नं. १ सम्मान विदाई तथा प्रोत्साहन कार्यक्रम	सुमन लावती	६९३००

गा पा विविध खर्च	गाउँपालिकाको विभिन्न अतिथि सत्कार तथा चिया नास्ता खर्च बापतको रकम भुक्तानी	चिया नास्ता पसल, रोङ 3	२५००००
सेवा परामर्श	गाउँपालिकाको विभिन्न मुद्दा बहस पैरवी तारेख वारेस खर्च	अर्विट लिगल एसोसिएट एण्ड रिसर्च सेन्टर	८५०००
महिला स्वास्थ्य स्वयंसेविका यातायात	महिला स्वास्थ्य स्वयंसेविका यातायात	नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि.	६५०००
अपाङ्गता सहायता सामाग्री	अपाङ्गता भएका व्यक्तिहरूको सहायता सामाग्री खरिद	मेचि सर्जिकल हाउस	१२७८०३
ज्येष्ठ नागरिक रेडियो वितरण	ज्येष्ठ नागरिक रेडियो वितरण	दृष्टि ट्रेडर्स	९४४००
चालुतर्फ जम्मा			३६२४००२
पूँजीगत तर्फ -			
फर्निचर तथा फिक्चर्स	कार्यालयको आवश्यक फर्निचर तथा फिक्चर्स सम्बन्धी सामाग्री खरिद	एस आर आई सप्लायर्स	१३३३४०
नमुना मावि	शान्ति निकेतन मावि नमुना विद्यालय भवन निर्माण	सायाहाङ्ग एण्ड निसाम निर्माण सेवा	१०३५०००
बहुवन प्रहरी चौकी भवन निर्माण	रोङ ५ बहुवनमा प्रहरी चौकी निर्माण	बहुवन प्रहरी चौकी भवन रोङ ५ उस	१४५३५०
बैंशी मोक्ष विश्रान्ति घाट	बैंशी मोक्ष विश्रान्ति घाट रोङ ५	बैंशी मोक्ष विश्रान्ति घाट निर्माण उपभोक्ता समिति	१९००००
सिसि क्यामेरा खरिद	जोरकलशमा सिसि क्यामेरा जडान	श्री गणेश कम्प्युटर सेल्स एण्ड सर्भिस	४५४१२
कृषि बजार निर्माण, हाँसपोखरी	हाँसपोखरीमा कृषि बजार तथा स्टल निर्माण	रोङ कृषि बजार तथा स्टल निर्माण उपभोक्ता समिति	३९०८६५
पूँजीगत तर्फ जम्मा			१९३९९६७
कूल जम्मा			५५६३९६९

१५ **बजेट पेश, पारित र अख्तियारी -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१. मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असारमसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाअध्यक्षले मिति २०८१-०३-१० मा रु.५५ करोड ७० लाख ८५ हजार ८०० को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१-०३-१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१-०४-०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो। आर्थिक वर्ष भित्र सबै काम सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ।

१६ **सेवा प्रवाह-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ ।यस वर्ष पालिकाबाट निम्नानुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ ।

सि.नं	विवरण	जम्मा
१	स्वीकृत घरनक्सा दर्ता पास	०
	पञ्जिकरणतर्फ	
२	जन्मदर्ता	२३४
३	मृत्युदर्ता	१४३
४	बसाईसराई दर्ता	१९०
५	विवाह दर्ता	१४३
६	सम्बन्धविच्छेद दर्ता	२०
	पूर्वाधार विकास सडक निर्माण	
७	कालोपत्रे सडक निर्माण	० कि.मि.
८	ग्राभेल सडक निर्माण	३९.९२ कि.मि.

पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउनेतर्फ ध्यान दिनु पर्दछ ।

१७ **आन्तरिक नियन्त्रण** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन।आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नुपर्नेमा सो नभएको, सम्भावित जोखिमहरुको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकेको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रबर्द्धन प्रभावकारी हुन नसकेको लगायतको अवस्था देखिएकोले सार्वजनिक स्रोतको प्रभावकारी रुपमा उपयोग गर्न नसकेको अवस्था छ । पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वियन गर्नुपर्दछ । आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका केही व्यहोरा देहायबमोजिम रहेका छन्:

वजेट व्यवस्थापन तर्फ

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• दिगो बिकास लक्ष्य (२०१६-३०)लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकीकृत दीर्घकालिन योजना तयार नगरेको र मध्यकालीन लक्ष्यहरू तोकि मूल्याङ्कन नगरेको,

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालीन खर्च संरचना तयार नगरेको,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसूची -११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको नदेखिएको,

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको नदेखिएको,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको नदेखिएको,

• शहरीकरण भईरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको नदेखिएको,

खरिद व्यवस्थापनतर्फ

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सोको मूल्याङ्कन नगरेको,

• कार्यक्रमगत तथा योजनागत खाता राख्ने नगरेको,

• पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख नराखेको,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिएतापनि त्यसको कार्यान्वियन र उपयोग पृष्ठपोषणका लागि भएको नदेखिएको,

• स्थानीय तहले उपभोक्ता समितिमार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको नदेखिएको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख अवस्था अद्यावधिक गरेको नदेखिएको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीयस्तरमा उपलब्ध हुने निर्माण सामाग्री ढुङ्गा, वालुवा, गिट्टी, माटोलगायत र वनजन्य विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी पुनरावलोकन गरेको देखिएन,

• विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वियन गरेका आयोजनाहरुको कार्यान्वियन अवस्था खुल्ने गरी एकीकृत रुपमा नापी किताब तयार गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) अनुसार उपभोक्ता समितिवाट कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरुको रेखदेख र मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी दिगोपना र संरक्षणका आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा सो नगरेको,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन पालिका र वडास्तरमा गर्ने गरिएतापनि अनुगमन प्रतिवेदन पूर्णरुपमा तयार नगरेको र अनुगमनको क्रममा प्रतिवेदन फाराममा प्रत्येक योजनामा कैफियत देखिए र सोको सुधारका लागि गरिएका प्रयास पुष्ट्याई हुने अवस्था उल्लेख नगरेको,

• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४९ मा हरेक खरिद कारवाहीको छुट्टै फाइल खडा गरी नियम १४९.(२) मा उल्लिखित कागजातहरु संलग्न राख्नुपर्ने, नियम १४९(३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा सात वर्षसम्म सुरक्षित राख्नुपर्ने व्यबस्था रहेकोमा सो अनुसार सबै अभिलेख अद्याबधिक गरी नराखेको,

शिक्षातर्फ

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• कार्यक्रम कार्यान्वियन पुस्तिका IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन पूर्णरूपमा नभएको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) र (ञ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा उक्त अभिलेखहरु व्यवस्थित गरि राखेको नदेखिएको,

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, निशुल्क छात्रवृत्ति, वर्गीकरण, लेखापरीक्षणको अबस्थासमेतको अभिलेख व्यवस्थित गरी राखेको र अनुगमन मुल्याँङ्कन गरी अद्याबधिक अभिलेख तयार गरी राखेको नदेखिएको,

विविधतर्फ

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ । साथै, दैनिक भ्रमण भत्ता अभिलेख खाता अद्यावधिक नरहेकोले अनुगमन खर्च भुक्तानी गर्दा पदाधिकारी एवं कर्मचारीलाई एकै कार्यक्रममा प्रशिक्षक, अनुगमनकर्ता, संयोजक र प्रतिवेदकको भुक्तानी दोहोरो पर्न गएको छ सोको यकिन गर्न सक्ने अवस्था

नरहेको,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, नियमावली तथा स्थानीय सरकार सञ्चालन ऐन बमोजिम नागरिक वडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन संयन्त्र तयार नगरेको तथा गुनासो व्यबस्थापन गरेको अद्यावधिक अभिलेख नराखेको,

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र कार्यक्रमसहितको यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको,

• यस पालिकामा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायम गरी नियमानुसार असुल फर्स्यौट तथा सम्परीक्षण कार्य नगरेको,

• खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र बिल भरपाई सहित पर्याप्त प्रमाण र आधार समावेश गरी सबै कार्यक्रममा खर्च गर्ने गरेको नदेखिएको,

• पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको, कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• सबै कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको,

• आर्थिक प्रशासन शाखामा भुक्तानीको लागि आवश्यक कागजपत्रसहित म.ले.प. फाराम नं 202 को ढाँचामा सम्बन्धित शाखाबाट भुक्तानी कारोवारको सिफारिस पत्रका आधारमा भुक्तानी गर्नुपर्नेमा सबै भुक्तानीमा सो वेहोरा पालना गरेको पाइएन,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्नेमा भुक्तानीका सबै भौचरमा सो वेहोरा पालना गरेको पाइएन,

अतः पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

१८ **आन्तरिक लेखापरीक्षण** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। त्यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ मा प्रत्येक कार्यालयले त्रैमासिकरुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष आर्थिक कारोबारको अन्तर सरकारी अख्तियारी तर्फ को.ले.नि.का. बाट आन्तरिक लेखापरीक्षण गराएको र गाउँपालिका तर्फ विनियोजित बजेटको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

१९ **लक्ष्य प्रगति** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३५(१)मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाएको देखिएन। बजेट खर्च गर्ने जिम्मेवारी प्राप्त पदाधिकारीले बजेट खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाउन पालिकाको ध्यान जानुपर्दछ।

२० **क्षेत्रगत बजेट र खर्चको स्थिति** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट

प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखियो।

सि.नं.	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	७२६४८४००	३९४३७५६५	८.८९
२	पूर्वाधार विकास	११७९६४६९४	९७२६२८१३	२१.८८
३	समाजिक विकास	२५२२०३४५०	२१७५९३८९८	४८.९७
४	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	१६८४४०००	६३२९८१०	१.४२
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	९७४२५११५६	८३७१६३७४	१८.८४
	जम्मा	५५७०८५७००	४४४३४०४६०	१००

उल्लिखित विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये समाजिक विकास मा सबैभन्दा बढी ४८.९७ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटी ८.८९ प्रतिशत खर्च रहेको छ। पालिकाले आफ्नो आवधिक योजना बनाई दिगो विकासका अल्पकालिन तथा दीर्घकालिन लक्ष्य तय गरी स्वीकृत बजेट शीर्षकमा पर्ने गरी प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।

२१ **त्रैमासिक पुँजीगत खर्च** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ। (रु.हजार मा)

बजेट शीर्षक उपशीर्षक	कुल खर्च	त्रैमासिक खर्च				
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
जम्मा खर्च	१६५३६६	३०२९	९४८७	२८९४२	१२३९०८	७२६१३
खर्च प्रतिशत	१००	१.८३	५.७३	१७.४९	७४.९५	४३.८९

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.१६ करोड ५४ लाख ४५ हजार पूँजिगत खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.३० लाख २९ हजार (१.८३ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.९४ लाख ८७ हजार (५.७३ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.२ करोड ८९ लाख ४२ हजार (१७.४९ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१२ करोड ३८ लाख ८९ हजार (७४.९५ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.७ करोड २६ लाख १३ हजार (४३.८९ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। नियममा भएको व्यवस्थाअनुरुप बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनेगरी स्वीकृत कार्यक्रम अनुसार त्रैमासिकरुपमा सन्तुलित तवरले खर्च व्यवस्थापन गरिनुपर्दछ।

२२ **खर्च बिश्लेषण** -

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रू.२,४०,४७,६९३.०२, राजस्व बाँडफाँडबाट रु.८,००,००,५३६ अनुदानबाट रू. ३७,०२,१३,१४० तथा अन्य प्राप्तीवाट रू.८,२८,२४,३३१ लगायत रू.५५,७०,८५,७०० प्राप्ती भएकोमा चालु तर्फ रु.२७,८९,९४,३३२ र पुँजीगत तर्फ रू.१६,५३,४६,१२८ समेत रु. ४४,४३,४०,४६० खर्च भएको छ। खर्चमध्ये आन्तरिक आयको हिस्सा ५.४१ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान, आन्तरिक आय तथा राजस्व बाँडफाँडको रकमबाट ६२.७८ प्रतिशत चालु र ३७.२२ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

२३ **संगठन र कर्मचारी व्यवस्थापन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृतसहित ९१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म ४९ पद पूर्ति भएको देखिन्छ। प्राप्त विवरणअनुसार प्रशासन इन्जिनियर, कृषि विकास अधिकृत,सव-इन्जिनियर लगायत ४२ पदहरु रिक्त रहेका छन्। रिक्त पदहरु सम्बन्धमा कार्यालयको दैनिक सेवा प्रवाहको आवश्यकता, प्रबिधिको उपयोग तथा कार्यक्रम सञ्चालन अवस्था समेतलाई ध्यान दिई कर्मचारी पदपुर्ति गर्नुपर्दछ।

२४ **पद दर्ता -**

स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ७ मा स्थानीय तहले सङ्गठन संरचना र दरबन्दी स्वीकृत भएको मितिले तीन महिनाभित्र स्थानीय सरकारी सेवाको पदहरूको सेवा, समूह, उपसमूह तथा तह समेत खुल्ने गरी प्रदेश किताबखानामा पद दर्ता गराउनु पर्ने ब्यवस्था छ। पालिकाले संगठन तथा ब्यवस्थापन सर्भेक्षण गरी पालिका अन्तर्गत रहने बिभिन्न स्थायी कर्मचारी ९१ पद र करार तर्फ ३९ पद समेत १३० दरबन्दी स्वीकृत गरेकोमा प्रदेश किताबखानामा पद दर्ता गर्न पेश गरेकोमा दर्ता भएको पाईएन। ऐनमा भएको ब्यवस्था वमोजिम पद दर्ता गरी पदपूर्ती गर्नुपर्दछ।

२५ **कर्मचारी करार -**

स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १४(१) मा सवारी चालक, नगर प्रहरी, बारुण यन्त्रका कर्मचारी, कार्यालय सहयोगी, चौकीदार, इलेक्ट्रिसियन, प्लम्बर, माली, सरसफाई गर्ने कर्मचारी वा यस्तै प्रकृतिका काम गर्ने अन्य पदमा बाहेक स्थानीय सरकारी सेवाका कर्मचारीले गर्नु पर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाईने ब्यवस्था छ। पालिकाले हलुका सवारी चालक,हेभी सवारी चालक,कार्यालय सहयोगी, कृषि अधिकृत, इन्जिनियर, सव-इन्जिनियर,सहायक पाचौँ,सहायक चौथौँ,सर्वेक्षक,अमिन,अहेव,ल्याब असिष्टेण्ट , खेल प्रशिक्षक लगायतको पदमा ५४ जना करारमा र ज्यालादारीतर्फ १ सरसफाई कर्मी नियुक्ति गरि पारिश्रमिक वापत रु.१ करोड ८८ लाख ७६ हजार खर्च लेखेको छ । उल्लिखित करार सेवाका पदहरु व्यवस्थापन सर्वेक्षण गरी निर्धारण भएकोमा पद दर्ताका लागि प्रदेश निजामती किताबखानामा पेश भएकोमा दर्ता भएको देखिएन। प्रतिस्पर्धाको आधारमा कर्मचारी नियुक्त नगरी सोझै तथा पुराना कर्मचारीलाई नै निरन्तरता दिएको देखियो।कानुन बमोजिम करार सेवाबाट पुर्ति गरिने पदहरु प्रतिस्पर्धाको माध्यमबाट मात्र पुर्ति गर्नुपर्दछ।

२६ **फिल्ड भत्ता -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६.(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्वान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६.(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन र सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ।त्यस्तै कोशी प्रदेश स्थानीय सेवा ऐन, २०८० को दफा ४२.(२) मा कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नको सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक स्रोतबाट व्यहोर्ने गरी आबश्यक व्यबस्था गर्न सक्ने व्यबस्था छ । पालिकाले यो वर्ष १५ कर्मचारीलाई फिल्ड भत्ता बापत रु.१४ लाख ३० हजार ४५६ भुक्तानी भएको छ । उक्त रकम भुक्तानी गर्दा आन्तरिक स्रोतबाट शीर्षक बाट भुक्तानी गरेको छ । भत्ता प्रदान गर्दा कार्यविधि तथा मापदण्ड बनाई सभाको/कार्यपालिकाको निर्णयबाट खर्च लेखेको छ ।

२७ **अवकास कोष -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले अवकास कोषको स्थापना गरेको देखिएन ।

२८ **आर्थिक सहायता -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले आर्थिक सहायता प्रयोजनवापत यस वर्ष विभिन्न ८० व्यक्ति तथा संस्था लाई रू.१४ लाख

९५ हजार ११६ आर्थिक सहायता वितरण गरेको देखियो। जुन आन्तरिक आय रू.२ करोड ४० लाख ४७ हजारको ६.२१ प्रतिशत हुन जान्छ।साथै आर्थिक सहायता प्राप्त गर्ने व्यक्तिको नाम नामेसीको विवरण पालिकाको वेव साईटमा सार्वजनिकरण गरेको नदेखिएकाले उक्त विवरण सार्वजनिकरण गर्नुपर्दछ । यस्तो विविध प्रकृतिको खर्चलाई आन्तरिक आयको आकारसँग तादम्यता कायम गरी खर्चको औचित्यसमेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्नुपर्दछ।

२९ **सहकारी नियमन** -

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २६ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। सहकारीको सञ्चालन अवस्था बारे पालिकाले प्रतिवेदन तयार गरेको देखिएन। ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गरी सहकारी वचत रकमको उपयोगको सुनिश्चितता गर्नुपर्दछ।

३० **म्याद ननाघेको पेश्की** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ। पालिकाले देहायको निर्माण व्यवसायीलाई दिएको पेश्की रू. ५,९०,००० सुत्रमा म्याद ननाघेको देखिएको छ। उक्त पेश्की नियम अनुसार फर्स्यौट गर्नुपर्दछ।

गो.भौ.नं.।मिति	पेश्की विवरण	पेश्की लिनेको नाम	रकम रु.
३७५।२०८३-०३-२५	पाथिभरा मन्दिर आवास निर्माण	कन्काई निर्माण सेवा	५,९०,०००

३१ **कानून निर्माण एवं कार्यान्वयन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म ४ वटा ऐन, १४ कार्यविधि, ४ निर्देशिका र १ रणनीति समेत लगायत २३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

३२ **न्यायिक समिति** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ र यो वर्ष थप भएको १६ गरी कुल १८ विवाद दर्ता भएकोमा १८ फर्स्यौट भएको देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

३३ **अनुदानको अनुगमन** -

समपुरक अनुदान कार्यविधि,२०८१ को बुँदा न १६ मा अनुदानबाट सञ्चालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी सञ्चालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको नियमित अनुगमन गर्नुपर्ने र सोको चौमासिकरुपमा प्रगति प्रतिवेदन प्रदेश नीति तथा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी सम्बन्धित मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्ने व्यवस्था छ। यस पालिकाबाट विशेष तथा समपुरक अनुदान अन्तर्गत सञ्चालन भएकोमा उल्लिखित कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण

सम्बन्धित निकायहरुमा पठाइने प्रणालीको विकास गरेको देखिएन। त्यसै गरी नागरिक समाज तथा सार्वजनिक सुनुवाई मार्फत निगरानी हुने प्रणलीको विकास गरेको देखिदैन। कार्यविधिमा भएको व्यवस्थाको पालना गरी संचालित योजनाको गुणस्तर तथा सोबाट प्राप्त हुने लाभमा अभिवृद्धि गराउनु पर्दछ।

क्र.स.	स्रोत	संचालित योजनाहरु	बजेट खर्च
१	संघीय समपुरक अनुदान	१	१,४८,१२,७१५
२	प्रदेश समपुरक अनुदान	२	९८,०१,८८४.६
३	संघीय बिशेष अनुदान	२	२,८९,९२,८०६

३४ **फोहरमैला व्यवस्थापन -**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ।पालिकाले फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

३५ **सार्वजनिक सुनुवाई -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले १ पटक सार्वजनिक सुनुवाई गरेकोमा उक्त रकमको खर्च लेखेको छैन । सार्वजनिक सुनुवाई लाई अझ वृहत गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

३६ **नक्शा व्यबस्था -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३९ बमोजिम पालिका क्षेत्र भित्र निर्माण गरिने भवन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम अनुमति लिई निर्माण गर्न सक्ने व्यबस्था छ । ऐनमा उक्त व्यबस्था भए पनि यस पालिकाले पालिका क्षेत्र भित्र निर्माण गरिने भवन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम अनुमति जारी नै नगरेको देखियो।पालिका भित्र निर्माण गरिने भवन स्वीकृत मापदण्ड बमोजिम निर्माणका लागि स्वीकृत दिने र स्वीकृति दिए बमोजिम काम भए नभएको निरन्तर अनुगमन मुल्याँङ्कन गर्ने व्यबस्था कार्यान्वयनमा ल्याउनु पर्दछ ।

३७ **सेवा प्रवाहको अभिलेख -**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११. (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्य दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन। पालिका कार्यालय तथा वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित सरल र प्रभावकारी बनाउने र सोको अद्याबधिक अभिलेख समेत तयार गरी राख्नुपर्दछ।

३८ **तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

३९ **सूचना प्रकाशनः**

गाउँपालिकाले विभिन्न सञ्चार माध्याममा सूचना प्रकासन गर्दा आर्थिक वर्षको सुरुवातमा नै सार्वजनिक खरिद कानून बमोजिम प्रतिस्पर्धा गराउने व्यवस्था गर्नुपर्दछ । पालिकाले विभिन्न सूचना तथा विज्ञापन प्रकाशन सम्बन्धी कार्य विभिन्न फर्म मार्फत यो वर्ष रु. ८२०८८८.०० भुक्तानी गरेकोमा मिडिया फर्महरु बीच कुनै प्रकारको प्रतिस्पर्धाको व्यवस्था गरेको देखिएन । सूचना प्रकाशन गर्दा फर्म तथा मिडियाहरुबीच प्रतिस्पर्धा गराई न्यून कवोल गर्ने र बढी प्रतिशत छुट दिने मिडिया फर्मसँग सेवा लिने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

केही उदाहरण

गो. भौ . नं / मिति	सेवा प्रदायक	भुक्तानी रकम रु.	छुट लिएको प्रतिशत
१६०।२०८१।७।१४	एड एण्ड मल्टिप्रपोज प्रा. लि .	१५६६१८.	२५
५३१।२०८१।११।२८	सन्ध्या एडभरटाइजिङ्ग प्रा. लि .	२८१७०९.	२५
५३१।२०८१।११।२८	टाइम्स अफ प्रदेश मिडिया प्रा. लि .	५५०८७.	२५
६७३।२०८२।१।५	सन्ध्या एडभरटाइजिङ्ग प्रा. लि .	११८६५०.	२५
६७९।२०८२।१।५	सन्ध्या एडभरटाइजिङ्ग प्रा. लि .	६१६९८.	२५
८४७।२०८२।२।१९	पानस एडभरटाइजिङ्ग मिडिया प्रा. लि .	६१६९८.	२५
८४०।२०८२।२।१९	सन्ध्या एडभरटाइजिङ्ग प्रा. लि .	८५४२८.	२५
जम्मा		८२०८८८.	

४० **सवारी साधन भाडाः**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । गाउँपालिकाले देहायको गो.भौ.नं./ मितिबाट अन्य भाडा शीर्षकमा रु. ५०२५०० भुक्तानी गरेकोमा सवारी साधन कुन ठाउँबाट कुन ठाउसम्म सवारी चलाएको कति किलोमिटर सवारी साधन चलेको सो खुल्ने सवारी लगबुक नभएको, के कुन समाग्री ढुवानी भएको सो सम्बन्धी स्पष्ट विवरण संलग्न गरेको देखिएन । नियमानुसार सम्झौता गरी सम्झौता बमोजिम कार्य गरेको आधारमा सवारी साधनको अभिलेख राखी कार्य गरेको आधारमा सवारी साधनको अभिलेख राखी सवारी साधनको भाडा भुक्तानी गर्ने तर्फ पालकाको ध्यान जानु पर्दछ ।

४१ **छुट करः**

आय कर ऐन, २०५८ को दफा ८८ मा सेवा कार्यमा भुक्तानी गर्दा मू.अ.कर विजक जारी नगरेको सेवा प्रदायकलाई श्रोतमा १५ प्रतिशत कर कट्टी गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ।कार्यालयले यो वर्ष देहायको सेवा प्रदायक फर्मलाई सेवा कार्य वापत रु. ९९६९८ भुक्तानी गर्दा कर विजक जारी गरेको देखिएन । कर विजक जारी नगर्ने सेवा प्रदायकलाई श्रोतमा नियमानुसार हुने कर रु. १४९५५ कट्टा गरी भुक्तानी गर्नुपर्नेमा कम कर रु. १०४१२ कट्टी गरी भूक्तानी गरेको देखिएकोले नियमानुसार १५ प्रतिशतले हुने छुट कर रू. १०४१२ सम्बन्धित संस्थाबाट असुल गरी राजस्व दाखिला गर्नु पर्दछ, रू.,

भौ. नं ./ मिति	खरिद गरको सेवा/ कार्यक्रम	सेवा प्रदायकको नाम	भुक्तानी रकम रु	१५% अग्रिम कर रु.	कट्टी गरेको कर रु.	छुट कर रकम रु.
५३५।०८१।११। २८	शिलाई बुनाई तालिम	गोपाल गौरी दिगो विकास प्रतिष्ठान	९९६९८	१४९५५	४५४३	१०४१२

असुल गर्नुपर्ने	१०,४१२

४२ **सोझै खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने एवं नियमावली, २०६४ को नियम ८४ मा रु.१० लाखदेखि रु.२० सम्मको लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने, नियम ८५ मा १० लाख रुपैया सम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान, पाँच लाख रुपैया सम्मको लागत अनुमान भएको परामर्श सेवा वा अन्य सेवा र कम्पनीको आधिकारिक मर्मत वा सर्भिस सेण्टरबाट गरिने सवारी साधन मेशिनरी औजारको पाँच लाख रुपैया सम्मको मर्मत सम्भार सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै उपनियम (१) र (१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक आर्थिक वर्षमा एकै पटक वा पटक-पटक गरी सो उपनियमहरुमा उल्लिखित सीमाभन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ । पालिकाले यो वर्ष एक आपूर्तकबाट मशलन्द कार्यालय सामाग्री, विविध प्रकारको विद्युतिय सामाग्री लगायतको खरिद कार्य बोलपत्र आह्वान नगरी एक आर्थिक वर्षमा सोझै खरिद गरी रू. १०८९९६६ भुक्तानी गरेको देखियो । सार्वजनिक खरिद कानूनको पालना गरी प्रतिस्पर्धात्मक रुपमा खरिद कार्य गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

४३ **सवारी साधन मर्मतः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने एवं नियमावली, २०६४ को नियम ८४ मा रु.१० लाखदेखि रु.२० सम्मको लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ त्यस्तै नियम ८५ मा पाँच लाख रुपैया सम्मको लागत अनुमान भएको परामर्श सेवा वा अन्य सेवा र कम्पनीको आधिकारिक मर्मत वा सर्भिस सेण्टरबाट गरिने सवारी साधन मेशिनरी औजारको पाँच लाख रुपैया सम्मको मर्मत सम्भार सोझै खरिद गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले तीन आपूर्तकबाट यो वर्ष सवारी साधन मर्मत गर्दा एकै आपुर्तकबाट वार्षिक पाँच लाख रुपैया भन्दा बढीको सवारी साधन मर्मत गर्दा खरिद कार्य बोलपत्र आह्वान नगरी सोझै खरिद गरी रू. २४५३३२२ भुक्तानी गरेको देखियो । नियमानुसार बोल पत्र आह्वान गरी प्रतिस्प्रधात्मक रुपमा खरिद कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

४४ **भ्रमण भत्ताः** (९७४,१०४३-2082-03-14):

भ्रमण खर्च नियमावली, २०६४ को नियम ३(१) मा भ्रमण आदेश वा निर्णय वेगर भ्रमण खर्च गर्नेगरी भ्रमण वा काजमा जान नहुने उल्लेख छ । नापी कार्यालय इलामका कार्यालय प्रमुख श्री सुरेश लाल कर्णलाई भद्रपुर- काठमाडौं र भद्रपुर- काठमाडौं यात्रा गर्दा बुद्ध यएर को टिकटको रु. १३६०० भुक्तानी गर्दा निजले यस पालिकाबाट भ्रमण खर्च पाउने गरी स्विकृत भ्रमण आदेश, भ्रमण बिल लगायतको कागजात संलग्न गरेको देखिएन । नियम विपरित भुक्तानी भएको भ्रमण खर्च वापतको रकम रु. १३६०० असुल गरी दाखिला गर्नुपर्दछ। रु.,

असुल गर्नुपर्ने	१३,६००

४५ **अवलोकन भ्रमणः**

राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्यकोषबाट स्थानीय तहमा प्राप्त हुने अनुदान रकमको उपयोग गर्दा सो रकमबाट वजेट विनियोजन गरी अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सञ्चालन आदिमा खर्च गर्न नपाईने व्यवस्था छ । पालिका र वडा कार्यालयका कर्मचारी तथा जनप्रतिनिधीहरुको क्षमता अभिवृद्धिको लागि अध्ययन अवलोकन भ्रमणको लागि आर्थिक वर्ष २०८१।०८२ को वार्षिक योजना तथा कार्यक्रममै बजेट व्यवस्था गरी यो वर्ष वडा कार्यालय तथा नगरपालिकाका कर्मचारी र जनप्रतिनिधिहरुले विभिन्न धार्मिक तथा पर्यटकिय स्थलहरुको अवलोकन भ्रमण गरी रु. १५००००.०० खर्च लेखेको छ । यसरी स्विकृत बजेटबाट भ्रमण गर्दा भ्रमणको उद्देश्य कार्यालयको कार्य सम्पादन सँग सम्बन्धित नभई धार्मिक र मनोरञ्जनात्मक मात्र देखिएकोले यस्ता भ्रमणलाई कार्यालयको कार्य सम्पादनसँग सम्बन्धित बनाई अध्ययन अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

गो. भौ . नं. / मिति	भ्रमण विवरण	खर्च रकम
४६२।२०८१।१०।२९	स्वास्थय शाखा कर्मचारीको गोरखा भ्रमण	१५००००.

४६ **वितरणमुखी खर्चः**

सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ ले सरकारी खर्चलाई मितव्ययी बनाउने तथा वितरणमुखी कार्यमा खर्च गर्दा प्रयाप्त तयारी गरी न्यूनतम खर्च गर्नुपर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा परीक्षण गर्दा गाउँपालिकाले देहाय बमोजिमका व्यक्ति तथा संस्थालाई निम्नानुसारको रु. ५२९६०८६.०० को वितरणमुखी खर्च गरी नगद तथा विभिन्न सामाग्री वितरण गरेको छ । यस्तो वितरणमुखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

केही उदाहरण

गो. भौ . नं ./ मिति	भुक्तानी लिने व्यक्ति/ संस्था	खर्च रकम रु.
३१।२०८१।६।१६	तिज विषेश कार्यक्रम (राधिका तामाङ)	७००००.
१८२।२०८१।७।२८	शिक्षा दिवस कार्यक्रम	२९३६४१.
३१६।२०८१।९।१४	विविध खर्च सरस्वती माध्यामिक विद्यालय	६००००.
३१७।२०८१।९।१४	विविध खर्च शान्ति निकेतन माध्यामिक विद्यालय	८००००.
३४५।२०८१।९।२६	विज्ञान प्रदर्शनी विविध खर्च (श्रुती कुमारी तामाङ)	४२५१५१.
४०६।२०८१।१०।२०	ज्ञानोदय आधारभुत विद्यालय, बिउ पुँजी	२०००००.
३९९।२०८१।१०।१३	जेष्ठ नागरीक तथा अपांग सम्मान कार्यक्रम ब्लाङ्केट वितरण(सरस्वती राई)	९९९९६.
४८२।२०८१।११।६	अपांग सम्मान कार्यक्रम ब्लाङ्केट वितरण(गोमा देवी चापागाई)	४००००.
४८१।२०८१।११।६	विविध खर्च, शान्ति निकेतन माध्यामिक विद्यालय बस सञ्चालन	१०००००.
५३९।२०८१।१२।३	नौमती बाजा वितरण(रोङ महिला संगिनी समुह)	१४०१२०.
५८०।२०८१।१२।१४	नौमती बाजा वितरण(द्यममशील नौमती बावजा समुह)	१४००००.
३९९।२०८१।१०।१३	वडास्तरिय परीक्षा संचालन सामाग्री रमम वितरण(सरस्वती राई)	१२००००.
५७१।२०८१।१२।८	कुरिलो सीड वितरण (सरस्वती राई))	५००००.
५७०।२०८१।१२।८	बडहरे चर्च व्यवस्थापन, समाग्री वितरण (सरस्वती राई))	३००००.
५७१।२०८१।१२।८	मुर्ति वितरण (सरस्वती माध्यामिक विद्यालय))	४५०००.
६२४।२०८१।१२।२१	तरकारी विउ बिजन खरिद वितरण (वडा नं . ३)	१५३२६२.
६३४।२०८१।१२।२२	नगद सहयोग (श्री प्रमेश राई)	५०००००.
६२४।२०८१।१२।२१	तरकारी विउ बिजन खरिद वितरण (वडा नं . ५)	१०००००.
७१४।२०८२।१।१४	नगद सहयोग (श्री शान्तिपुर माध्यामिक विद्यालय)	१०१३८०.
७५५।२०८२।१।२५	विविध खर्च सुकेनन्दा पुल उद्घाटन(श्री गौतम सत्तान)	५६०००.
७९५।२०८२।२।७	अपांग सम्मान कार्यक्रम ब्लाङ्केट वितरण(विनिता श्रेष्ठ)	७९७४८.
११५८।२०८२।३।२४	तरकारी विउ बिजन खरिद वितरण (वडा नं . ६)	७५००००.
१०७८।२०८२।३।१८	सुत्केरी महिलालाई मह वितरण(प्रदिप लुइटेल)	१६६७२८.
१०३०।२०८२।३।१३	महानन्द सापकोटा जन्म जयन्ती (शिव शंकर आचार्य)	१०००००.
१०३१।२०८२।३।१३	नारायण आ. वि . बहुवन मा . वि . व्यवस्थापन	१०००००.
१०३१।२०८२।३।१३	बहुवन मा . वि . पोषण , विविध खर्च	४२७८०.
१०२३।२०८२।३।१३	कक्षा १० का विद्यार्थीलाई प्रतिदिन रु . २५ को दरले खाजा खर्च	१६६०७५.
९३३।२०८२।२।२८	विविध खर्च (इरौटार आ . वि . व्यवस्थापन)	४००००.
९३।२०८२।२।२८	विविध खर्च (इरौटार आ . वि . पोषण)	२२९४०.
८७६।२०८२।२।२६	साकेला खर्च (हाँसपोखरी टोल विकास संस्था)	३५०००.

८३५।२०८२।२।१२	विविध खर्च (कुवापानी माध्यामिक विद्यालय व्यवस्थापन)	१०००००
८२२।२०८२।२।८	विविध खर्च (जिल्ला खेलकुद विकास समिति)	५००००
७४९।२०८२।१।२४	विविध खर्च गुरु किसान घोषणा उद्धान कार्यक्रम	८३८२६५
जम्मा		५२९६०८६

४७ **कार्यस्थलमा आधारित सीप क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिमः**

भौ नं २७६।२०८२।३।९ बाट सीप क्षमता विकास तथा जीवन उपयोगी तालिम सञ्चालन गरे वापत सम्झौता अनुसारको रकम रु ४९९६४० सेवाप्रदायक कम्पनि कान्तिपुर पश्चिमाञ्चल टेक्निकल कलेजलाई पालिकाले भुक्तानी गरेको छ । यस सम्बन्धी थप व्यहोरा देहायबमोजिम छनः

४७.१ सेवाप्रदायकको छनौटः युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को दफा ३३ र ३४ मा भएको व्यवस्था को आधारमा पाठ्यक्रम निर्धारण गरि, कार्यविधिको दफा ३५ को उदफा २ बमोजिम नेपाल सरकारबाट सञ्चालन भएका सीप विकास प्रतिष्ठान मार्फत वा निजी तालिम प्रदायक संस्थाबाट सेवा लिने गरी सेवाप्रदायकको छनौट गर्नुपर्नेमा बिना पाठ्यक्रम तथा विस्तृत कार्यविवरणको आधारमा गरेको बोलपत्र आहवानको आधारमा निवेदन परेको विभिन्न ३ जना सेवाप्रदायक मध्ये सबभन्दा कम कबोल गरेको जाल्पा टेक्निकल इन्स्टिच्युट प्रा.लिलाई सम्झौता अनुसार दिएको भुक्तानी रु ४९९६४० को सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन भएको देखिएन । यस सम्बन्धमा प्रभावकारी अनुगमन गर्नुपर्छ

४७.२ · लाभग्राहीको छनौटः युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को दफा १७ मा न्युनतम रोजगार कार्यक्रममा सहभागी हुन इच्छुक श्रमिकले श्रमको लागि सम्बन्धीत वडामा निवेदन दिएको अवस्थामा बेरोजगार सुचिमा सुचिकृत श्रमिकलाई कार्यविधिको दफा ६ बमोजिम १८-४० वर्षका उमेर समुहबाट ६० प्रतिशत तथा महिला समुहबाट ४० प्रतिशत सुनिश्ति हुने गरी मुल प्राथमिकताको आधारमा लाभग्राही छनौट गर्ने व्यवस्था छ । तर पालिकाले कार्यविधिको दफा ३२ बमोजिम ४० दिन सम्मको कार्यस्थलमा आधारित सिप विकास र १० दिनसम्मको जीवन उपयोगी सीप विकास गरी कुल ५० दिन सम्मको तालिमको लागि छनौट गरिएको विभिन्न ३९ जना लाभग्राहीको हकमा कार्यविधिमा लाभग्राही छनौट प्राथमिकताको सम्बन्धमा भएको व्यवस्थाको पुर्ण परिपालना भएको देखिएन । यसमा पालिका विशेष ध्यान दिनुपर्छ ।

४८ **गरिब सँग विश्वेश्वर कार्यक्रम**

४८.१ लक्षित लाभग्राहीः भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.सं.२०८१।८२ को च.नं ४१ मिति २०८१।०४।०९ बाट जारी गरिबसँग विश्वेश्वर कार्यक्रम सञ्चालन मार्गदर्शनमा यस कार्यक्रमबाट प्राप्त सशर्त अनुदानको रकम बाँडफाँड गर्दा सम्बन्धित वडा कार्यालयको सिफारिसमा लक्षित परिवार (विपन्न परिवार) बाट गठन भएका समूह/संस्थाको माग बमोजिम स-साना ग्रामीण पूर्वाधार विकास कार्यक्रम (जस्तै खानेपानी, सिँचाई, कुलो, कुवा/इनार मर्मत, बाटोघाटो, शुलभ शौचालय तथा उत्पादनमुखी र आय आर्जन हुने खालका कार्यक्रम) कार्यान्वयन गर्ने, यसरी छनौट गरी कार्यान्वयन गर्दा यस कार्यक्रमबाट पहिचान गरी समूह संस्थामा आवद्ध भएका लक्षित परिवारहरू र नेपाल सरकारले पहिचान गरी गरिबी घरपरिवार परिचयपत्र प्रदान गरेका घरपरिवारलाई लाभ पुग्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने कानुनी व्यवस्था छ । पालिकाले गरिबसँग विषेश्वर कार्यक्रमको लागि वडाबाट सिफारिस भई आएको व्यक्तिहरुलाई निजको मागबमोजिमको पुर्वाधार सामाग्री खरिद गरिएको भनाई राखेतापनि खरिद गरिएको सामाग्रीहरु प्राप्त गर्ने लाभग्राही मार्गदर्शनमा उल्लेख भएबमोजिको लाभग्राही रहे नरहेको सुनिश्चित हुने प्रमाण पेश गरेको देखिएन ।

४८.२ **उपलब्धीको विश्लेषणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले अन्तरगतका वडा नं ६ को ३ जना लक्षित

वर्ग तथा समुदायहरुलाई लाभ हुने गरी निजहरुको मागको आधारमा गाईको बाच्छी खरिद गरी वितरण गरेको देखियो । यसरी वितरण गरिएको गाईको बाच्छी वृद्धि क्षमताको छ छैन साथै कार्यक्रममा सामेल सहभागीहरुको भावि योजना कस्तो हुने सो सम्बन्धमा समेत केही विवरण खुलेको देखिएन । तसर्थ पालिकाबाट संचालित यो कार्यक्रमबाट अपेक्षित नतिजा प्राप्त भए नभएको सुनिश्चित हुने प्रभावकारी अनुगमन गर्नुपर्छ ।

भौ नं	कार्यक्रमको नाम	भुक्तानी रकम	कैफियत
३४२। २०८२।३। १६	गरिब सँग विश्वेवर कार्यक्रम	२०००००	३ गोटा गाईको वाच्छा प्राप्त गर्ने लाभग्राहीको मोवाइल नं, फोटो सहितको विवरण आदि रहेको देखिएन । साथै लाभग्राहीको योगदान केही पनि देखिएन ।

४९ **प्रधानमन्त्री कृषि आधुनिकीकरण-**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना म्यानुअल, २०७७ को बुँदा नं ४.१.४ मा दलहन, तेलहन, मसलावाली, फलफूल आदि कार्यक्रमको बारेमा व्यवस्था छ । म्यानुअलमा उल्लेख भए बमोजिम पकेट कार्यक्रम सञ्चालन गर्न आवश्यक ७ हेक्टर १४० रोपनी जग्गालाई मुल आधार मानि कार्यक्रममा सहभागि हुनको लागि सूचना प्रकाशन गरेको देखियो । यस सम्बन्धमा देखिएको थप व्यहोरा देहायबमोजिम छनः

४९.१ **घटी साझेदारीः** पालिकाले नयाँ विहानी कृषक समुह-४ सँग गरेको सम्झौता अनुसार देहायको कार्यममा कुल मु.अ.कर समेत रु. ४१०६०१।३२ भुक्तानी गर्नुपर्नेमा रु ४२०९००.७१ भुक्तानी गरेको हुँदा बढी भुक्तानी रकम रु. १०२९८ असुल गर्नुपर्छ ।

भौ नं	कार्यको विवरण	विलअनुसारको रकम	सम्झौता अनुसारको हुनुपर्ने भुक्तानी
२५७।२०८२।२।२६	एच. डि . पि पाइप २० एमएम	५१७६५	४१४१२(८० प्रतिशत)
	एच. डि . पि पाइप २५ एमएम	१३०५२५	१०४४२०(२० प्रतिशत)
	एच. डि . पि पाइप ३२ एमएम	१५७५२०	१३३८९२(८५ प्रतिशत)
	एच. डि . पि पाइप ४० एमएम	९८४००	८३६५८(८५ प्रतिशत)
हुनुपर्ने भुक्तानी (मु . अ . कर वाहेक)			३६३३८२
मु. अ . कर रकम			४७२३९
मु. अ . कर समेत हुनुपर्ने भुक्तानी रकम			४१०६२१
भएको भुक्तानी रकम			४२०१००.७१
बढी भुक्तानी रकम			१०२९८.६८

असुल गर्नुपर्ने	१०,२९८.६८

४९.२ पालिका अन्तरगतका सबै वडाहरुमा कार्यक्रम सञ्चालन गर्ने गरी प्रकाशित सुचना अनुसार आवेदन दिएका विभिन्न ५ जना लाभग्राही कृषक समहुहरुमध्ये देहायबमोजिमको लाभग्राहीहरुसँग कार्य गर्ने गरी सम्झौता भएको देखियो । कार्यक्रमको लागि छनौट गरिएको लाभग्रहीहरुको छनौटको मापदण्ड सम्बन्धमा आवश्वत हुने कागजात प्रमाण पेश हुन आएन । तसर्थ कार्यक्रमको लागि छनौट भएको लाभग्राहीहरु लक्षित वर्ग समुदाय रहे नरहेको सम्बन्धमा आवश्वश्त हुन सकिएन । यस सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन हुनुपर्छ

लाभग्राही समुह	लागत सम्झौता	पालिकाबाट हुने अनुदान	लाभग्राहीबाट प्रदान हुने अनुदान
नयाँ विहानी कृषक समहु- ४	९०२६५४	६०००0१.८	३०२६५२.२
हरियाली महिला कृषक समुह	७९४५९९	६०००००	१५२६००

४९.३ अनुगमनः पालिकाले सम्झौता अनुसारको कार्यसम्पन्न प्रतिवेदन पेश गरेतापनि लाभग्राहीहरुले जम्मा गरेको नगद अनुदान रकम पालिकाले वैंक मार्फत सम्बन्धीत पार्टीलाई भुक्तानी नगरी भरपाई मार्फत गरेको देखियो । साथै अनुदान वापतको रकम क-कसले जम्मा गरेको हो सो सम्बन्धी विवरण खुल्ने तेरिज बनाएको पाइएन । सम्झौतामा उल्लेख भए मुताविक लाभग्राही समुहहरुले काम गरे नगरेको सम्बन्धमा नतिजा देखिने गरी पालिकाबाट प्रभावकारी अनुगमन गर्नुपर्छ ।

५० **लघु उद्यम-**

गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम निर्देशिका, २०७७ को दफा ६ मा नयाँ उद्यमी सिर्जनाका लागि गरिने विभिन्न कार्यहरुको व्यवस्था छ । पालिकाले यो वर्ष देहायबमोजिमका नयाँ लघु उद्यम विकासतर्फ कार्य गरेको छ ।

कार्यक्रमको नाम	लाभग्रही संख्या	खर्च रकम	भौ नं.
नयाँ लघु उद्यम विकास	१९	२९८०००	२६६।२०८२।२।२७

लाभग्राही छनौटको आधारः गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम निर्देशिका, २०७७ को दफा २१(२) मा सम्भाव्य उद्यमी पहिचान गर्दा कार्यक्रमको उदेश्य बमोजिम अति गरिब, पिछडिएका महिला, आदिवासी जनजाति, दलित, अपाङग, सीमान्तकृत तथा सुविधाविहिन समूहको अनुपातलाई ध्यान दिइ लघु उद्यमीको छनौट गर्ने कानुनी व्यवस्था छ । तर स्पष्ट मापदण्ड तथा कानुनी आधार विश्लेषण विना लाभग्राहीहरुलाई कार्यक्रमको लागि छनौट गरी तालिम दिएको देखियो । तसर्थ यसबाट कार्यविधिले अपेक्षा गरेको नतिजा प्राप्त भए नभएको लेखाजोखा गरिनुपर्छ ।

नतिजामुखी बजेटको वाँडफाँडः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ७ मा सरकारी निकायबाट कुनै तालीम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । लागत अनुमानतको स्वीकृत गर्दा अर्थमन्त्रालयद्धारा जारी निर्देशिका बमोजिम गर्नुपर्नेमा पालिकाले बनाएको आफ्नो कार्यविधि बमोजिम बजेटको वाँडफाँड गरी कार्यक्रम गरेको देखियो । यसबाट प्रचलित कानुनमा खाजा, खाना तथा पारिश्रमिक भत्ता सम्बन्धी अर्थमन्त्रालयको निर्देशिकामा भएको व्यवस्था विपरीत हुने हुँदा कानुनमा एकरुपता कायम गरी खर्च गर्ने परिपाटीको विकास गर्नुपर्छ ।

सामाग्रीको अभिलेख तथा वितरणः गरिबी निवारण लघु उद्यम विकास कार्यक्रम, २०७७ मा भएको व्यवस्था बमोजिम तालिम कार्यक्रमको खरिद गरेको सामाग्रीहरु तालिम सम्पन्न भएपश्चात तथा तालिमको क्रममा उत्पादन भएको सामाग्रीहरु निश्चित प्रतिशत लागत साझेदारीमा सहभागिहरुलाई आवश्यकताको आधारमा वितरण गरिनुपर्नेमा तालिमको समयमा उत्पादन भए नभएको सम्बन्धमा विवरण खुल्ने अभिलेख अद्ययवधिक राखेको समेत अद्यावद्यिक गरेको देखिएन ।यसमा सुधार हुनुपर्दछ ।

लघु उद्यम स्तरोन्नति तालिमः पालिकाले लघु उद्यम स्तरोन्नति तर्फ विनियोजित गरेको बजेट रु २४०००० वापत करेला खेतीको लागि आवश्यक विभिन्न मेशिनरी औजार, मल आदिको खरिद गरि लाभग्राहीहरुबाट कुल विलको २० प्रतिशत रकम संकलन गरी सामाग्रीहरु खरिद गरी वितरण गरेको देखियो । यसरी नयाँ लघु उधम लिई सकेकाहरुको स्तरलाई उकास्नको लागि छुटयाइएको बजेटबाट सामाग्री खरिद गरि भएको भुक्तानी मनासिब देखिएन । यस्तो कार्यमा नियन्त्रण हुनुपर्छ ।

५१ **प्रधानमन्त्री रोजगार कार्यक्रम-**

५१.१ **कार्यक्रमको दिगोपना-** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ ।पालिका अन्तर्गत ६ वडामा १६ योजना सञ्चालन गरी यस वर्ष ७३ जनालाई औसत ९७.२४ दिनले ७०९९ दिन रोजगारी उपलव्ध गराई रु ४७४१९५३/- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

श्रमिकको छनौटको मापदण्डः प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम श्रममा खटाइने श्रमिक बेरोजगार सुचिमा दर्ता भएको हुनुपर्छ ।दर्ता भएको सुचिकृतहरु मध्ये श्रमिकहरुबाट प्राथमिकताको आधारमा रोजागार दिई निजहरुको जिवनस्तरमा सुधार ल्याउनुपर्छ ।पालिकाको भनाई बमोजिम बेरोजगार सुचिमा ११६८ व्यक्तिहरुको नाम दर्ता भएको छ भन्ने ति मध्ये आ. व २०८१।०८२ मा ७३ जना श्रमिक खटाई काम गराएको छ । यसरी श्रमिक छनौट गर्दा निश्चित प्राथमिकताको सुचक केलाई आधार मानियो सो सम्बन्धमा केहि उल्लेख भएको देखिएन ।

५१.२ **कार्यस्थलमा आधारित सिप विकास-** अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा ९ बमोजिम स्थानीय तहमा निश्चित नियम र शर्तहरु पालना गरी कार्यान्वियन गर्न उपलब्ध गराइएको अनुदान रकम तोकिएको कार्यक्रममै खर्च गर्नुपर्ने व्यवस्था छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २७(२) मा रोजगार उपलब्ध गराउने आयोजना वा कार्यक्रम प्रमखुले उपलब्ध गराएको रोजगारीको दिनका आधारमा पारिश्रमिक भुक्तानी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को दफा ३२(२) बमोजिम तालिममा सहभागी लाभग्राहीलाई दफा २७(२) अनुसार रोजगारमा खटिए पश्चात प्रत्येक दिन काम सुरु हुँदाको समय र काम सकेपछि कार्यस्थलमा गरेको हाजिरीको आधारमा निजलाई दैनिक ज्याला दरको आधारमा पारिश्रमिक भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले ४० दिन सम्मको कार्यस्थलमा आधारित सिप विकास र १० दिनसम्मको जीवन उपयोगी सीप विकास गरी कुल ५० दिन सम्मको तालिम लिएका ३९ जना श्रमिकहरुलाई तालिममा सहभागी ५० दिनको लागि प्रतिदिन रु.६६८ को दरले कुल रु. १३०२६०० काममा खटिएको सरह मुल्यांकन गरी भुक्तानी दिएको छ । कार्यस्थलमा खटाइ सो अनुसारको कार्यको मूल्यांकन गरि भुक्तानी गर्नुपर्दछ ।

५२ **हेभि ईक्विपमेण्टको प्रयोग -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) म उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३ क मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समितिसँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माणका कार्यहरुमा निर्माण व्यवसायी लगाएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको वील बिजकबाट समेत देखिन्छ । उपभोक्ता समितिसँग पालिकाको सम्झौता हुने र उपभोक्ता समितिले डोजर तथा हेभि उकरण मार्फत गराउदा निर्माण व्यवसायीलाई सव कन्ट्रयाक्टमा गराउँदा स्थानीय श्रम र सीपको उपयोग हुन सकेको देखिदैन । नियमावलीको उल्लिखित प्रावधान

बमोजिम स्थानीय श्रम र सीपको प्रयोग हुने मनसायले उपभोक्ता समिति मार्फत हुने काममा निर्माण व्यवसायीको संलग्नतामा नियन्त्रण हुनुपर्दछ।

क्र.सं.	भौ.नं.	उपभोक्ता समिति	उपभोक्ता समितिले पाउने कुल रकम	निर्माण व्यवसायीको नाम	निर्माण व्यवसायीलाई भुक्तानी भएको रकम	निर्माण व्यबसायीलाई भुक्तानी दिएको कारण
१	३४४-२०८२।३।२२	सलकपुर खण्ड ग्रावेल सडक उ.स.	७९२०००	गुफा पाताल निर्माण सेवा प्रा.ली.	३११८८०	ग्रावेलको काम
२	३४०-२०८२।३।२२	बहुहरे याङ्ग्रे सडक निर्माण उ.स.	४२००००	सेभ कन्सट्रक्सन	५५३०१८	सडक कटिङ्गको काम

५३ **योजना हस्तान्तरण-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष सञ्चालन गरी कार्य सम्पन्न गरेका योजनाहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन । निर्मित संरचनाहरुको दीर्घकालीन उपयोग गर्न एवं उपभोक्ता स्वयमलाई जिम्मेवार बनाउने गरी निर्मित संरचना हस्तान्तरण गरी अभिलेख राख्नु पर्दछ।

५४ **उपभोक्ता समितिलाई ओभरहेड** –

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) वमोजिम उपभोक्ता समितिलाई भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी तथा जनसहभागिता रकम घटाई वाँकी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले सिरिसे सु.न.पा.१३ सडक मर्मत उपभोक्ता समितिले गरेको निर्माण कार्यमा १५ प्रतिशत ओभरहेड जोडेर लागत अनुमान वनाई भुक्तानी दिएको देखिएकोले उपभोक्ता अंश कट्टा पछि ओभरहेड वापतको भुक्तानी रु. ३०,४२५। असुल गर्नुपर्ने रु

गोभौनं./मिति	उपभोक्ता समिति र काम	लागत अनुमान ओभरहेड समेत	सम्झौता रकम ओभरहेड समेत	ओभरहेड वाहेक	फरक दर	उ.स.अंश कट्टा पछि वढि भुक्तानी रु
३७४-२०८२।३।२५	सिरिसे सु.न.पा.१३ सडक मर्मत उ.स.	२९४६८६	२९४६८६	२५७६३७	३७०४९	३०४२५
					असुल गर्नुपर्ने	३०,४२५

५५ **पुँजीगत बजेटमा चालु खर्च** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा सम्बन्धित शीर्षकबाट खर्च गर्नुपर्ने र एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा स्थानीय तहले पालना गर्नुपर्ने बजेट शीर्षक समेतको व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार निम्नानुसार पुँजिगत वजेट शीर्षकमा चालु प्रकृतिको कार्यक्रममा रू ६५,७५,०००।-. वजेट विनियोजन गरी रु. ४१,२२,७८३।- खर्च गरेको देखियो। विनियोजित बजेट तथा आर्थिक संकेत तथा बर्गिकरण र ब्याख्याभन्दा फरक गरी वजेट बिनियोजन गरी खर्च गरेको मनासिव देखिएन। यसमा सुधार हुनुपर्दछ।

कार्यक्रम	वजेट	खर्च
बर्षे फलफुलको विरुवा वितरण	३०००००	०
सुन्तलाको र कागति विरुवाको वितरण कार्यक्रम	३०००००	०
पशुपक्षी औषधी खरिद तथा निशुल्क वितरण कार्यक्रम	७०००००	०
पशुपक्षी औषधी खरिद तथा निशुल्क वितरण कार्यक्रम	५०००००	५०००००
विज्ञ व्यवस्थापन	१००००००	४३७३४०
प्रचारप्रशार रोङका विविध कार्यक्रमहरुको	४०००००	४९०००
आयुर्वेद औषधालय औषधि खरिद	८०००००	७९८४१०
नसर्ने रोग (मधुमेह, उच्च रक्तचापका बिरामीहरुलाई निःशुलक बितरण गर्ने औषधी खरिद	५०००००	४९७६७५
तालिम सामाग्री खरिद	१००००००	११५०३४०
विभिन्न कृषकहरु लाइ गोरु खरिद तथा वितरण कार्यक्रम	७५०००	७४२५०
कृषि बिउ विजन वितरण	२५००००	२४६७६८
कुरिलोको बिउ खरिद तथा वितरण	२५०००	२५०००
कुरिलोको बिउ खरिद तथा वितरण	१०००००	१०००००
निशुल्क कृतिम गर्भाधन सेवा	७५०००	०
नौमती बाजा र पोशाक व्यवस्थापन	५००००	५००००
वन मार्फत समृद्धि कार्यक्रम	५०००००	१९४०००
जम्मा	६५७५०००	४१२२७८३

५६ **पुँजिगत खर्चको अवस्था -**

सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा सार्वजनिक निकायले खरिदलाई खुला पारदर्शी र पर्तिस्पर्धी बनाउनु पर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष निम्नानुसार कुल पुँजिगत खर्च रू.११ करोड ८३ लाख ५२ हजार ०८१ मध्ये रू.८ करोड ७९ लाख ९३ हजार १७२ अर्थात ७४.३४ प्रतिशत खुला प्रतिस्पर्धाको माध्यमबाट, रू.३० लाख ७६ हजार ६८३ अर्थात २.५९ प्रतिशत सोझै खरिदको माध्यमबाट रू. २ करोड ७२ लाख ८२ हजार २२४ अर्थात २३.०७ प्रतिशत उपभोक्ता वा लाभग्राही समुदायबाट खरिद भएको देखिएको छ। खरिदलाई बढि प्रतिस्पर्धात्मक र खुला बनाउन पालिकाको ध्यान जानुपर्दछ।

क्र.सं.	विवरण	संख्या	खर्च रकम	कुल खरिदमा प्रतिशत
१	खुला बोलपत्र	१८	८७९९३१७२	७४.३४
२	सोझै खरिद	४	३०७६६८३	२.५९
३	उपभोक्ता समिति	१०९	२७२८२२२६	२३.०७
	जम्मा		११८३५२०८१	१००

५७ **पदाधिकारी तथा कर्मचारी औषधी उपचार खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा गाँउ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ मा जनप्रतिनिधिहरुलाई औषधी उपचार सम्बन्धी कानूनी व्यवस्था भएको देखिँदैन । पालिकाले प्रदेश ऐनमा भएको सेवा सुविधा विपरित

यस वर्ष वडा नं. २ का वडाध्यक्ष श्री चन्द्र शेखर घिमिरे पदाधिकारीलाई कार्यपालिकाको निर्णयको आधारमा आर्थिक सहायता शीर्कबाट औषधी उपचार खर्च रु. १०००००.०० भुक्तानी गरेको पाइयो । पालिकाले निर्दिष्ट ऐन नियम विपरित हुने खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

५८ **ग्रेड भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।साथै कोशी प्रदेश निजामति सेवा ऐन २०७९ को दफा ४६ को उपदफा ४ अनुसार प्रदेश कितावखाना गठन नहुदासम्म प्रचलित कानुन वमोजिमको निकायबाट तलवी प्रतिवेदन पारित गर्नुपर्ने साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारको पत्र संख्या ०७६।७७ च.नं.१८० मिति २०७६।५।१८ को पत्रानुसार स्थानीय तहका र संघबाट काजमा खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराउनु पर्ने व्यवस्था छ । कोष तथा लेखा नियन्त्रण कार्यालय ईलामबाट मिति २०८१।१२।१७ गते पारित तलबी प्रतिवेदनमा स्वास्थ्य तर्फका देहायबमोजिमका कर्मचारीहरुको ग्रेड संख्यामा कैफियत देखिएको हुँदा उक्त ग्रेड वापतको रकम पाउने नपाउने सुनिश्चित हुने गरी पुष्टयाई प्रमाण गर्नुपर्दछ ।

क्र.स	कर्मचारीको नाम	भुक्तानी गर्नुपर्ने	भुक्तानी भएको		पुष्टि गर्नुपर्ने रकम	कैफियत
		ग्रेड संख्या	ग्रेड संख्या	ग्रेड दर		
१.	हे. अ नेत्र प्रसाद पोख्रेल	१०	१२	१४५६	४१६४१	तलबी प्रतिवेदनमा ग्रेड संख्या १० राखी पारित भएकोमा निजलाई १२ ग्रेडको रकम भुक्तानी भएको
२.	सि. अ . हे . व दिपक खतिवडा	११	१२	११५८	७६४२	२०८२ माघ महिनादेखि अषाढ सम्म ११ ग्रेड वापतको रकम भुक्तानी हुनुपर्नेमा १२ ग्रेड वापतको रकम भुक्तानी भएको
जम्मा					४९२८३	

प्रमाण पेश नगरेको	४९,२८३

५९ **नतिजाको विश्लेषणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वास्थ्य तर्फ देहायबमोजिमका केही कार्यक्रमहरु सञ्चालन गरेपश्चात अपेक्षित लक्ष्य र प्राप्तिको विश्लेषण नगरेको हुँदा उपरोक्त कार्यक्रममा भएको खर्च मनासिब भए नभएको सुनिश्चित हुन सकिएन । यस सम्बन्धमा पालिकाबाट थप अध्ययन हुनुपर्छ ।

भौ नं	कार्यक्रमको नाम	भुक्तानी रकम	कैफियत
११८। २०८१।१०। २८	एच. पी . भी . खोप अभियान तथा नियमित खोपमा शुरुवातको लागि कार्यक्रम संचालन तथा व्यवस्थापन	१३७२००	कार्यक्रम उपलब्धीको विश्लेषण भएको देखिएन तथा कार्यक्रम भत्ता वितरणमुखी रहेको देखियो ।
२२४। २०८२।२। ०८	स्थानीय तहको साझेदारीमा नियमित खोप सुद्धढीकरण, पूर्ण खोप सुनिश्चितता र दीगोपना	२३५०००	कार्यक्रम उपलब्धीको विश्लेषण भएको देखिएन साथै कार्यक्रम भत्ता वितरणमुखी रहेको देखियो ।
३७१। २०८२।३। २४	पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन	३२५५४०	कार्यक्रम उपलब्धीको विश्लेषण भएको देखिएन साथै कार्यक्रम भत्ता वितरणमुखी रहेको देखियो ।

६० **औषधिको अभिलेखः**

स्वास्थ्य सेवा विभागबाट प.सं २०८१।०८२, चलानी नं २०७३ मिति २०८२।३।३० गते जारी भएको परिपत्रको आधारमा पालिका अन्तरगत रहेका स्वास्थ्य शाखाले प्राप्त गरेको औषधि तथा औषधिजन्य सामाग्रीहरुको अभिलेख राख्ने प्रणाली eLMIS लाई अगामी आ.व २०८२।८३ बाट PAMS मै एउटा system थप गरी अभिलेख राख्नुपर्ने जानकारी दिएको छ । साथै सोही परिपत्रले आ.व २०८१।८२ को अन्तिम महिना अषाढसम्म म्यानुअल तरिकाले विवरण डाउनलोड गरी सो मौज्दातलाई नयाँ PAMS V2 मा Migration गर्नुपर्ने जानकारी दिएको छ। नयाँ PAMS V2 मा औषधि तथा औषधिजन्य सामाग्रीहरुको अभिलेख राख्नको लागि २०८२ श्रावण मसान्तभित्र युजर आइडी सिर्जना गरी अभिलेख अधावधिक गरिसक्नुपर्नेमा हालसम्म पनि अभिलेख अद्यावधिक गरेको देखिएन ।यसरी अभिलेख अद्यावद्यिक गरी नराखेको हुनाले मौज्दातको अवस्था समेत यकिन गर्न सकिएन । तसर्थ पालिकाले यस प्रणालीको सिर्जना गरी औषधी तथा औषधिजन्य सामाग्रीहरु अभिलेख चुष्त दुरुषत राख्नुपर्छ ।

६१ **न्यानो झोलाः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि स्वास्थ्यसंस्थाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिका अन्तर्गत रहेको २ बर्थिङ सेन्टरको लागि आ.व २०८०।०८१ मा १०० थान न्यानो झोला खरिद गरेकोमा ६ जना महिलाहरुले सुत्केरी गराई सोही अनुसार भुक्तानी हुनुपर्नेमा नियमित जाँच गराएका सुत्केरीहरुलाई समेत वाँकी ९४ थान झोला वितरण गरेको भनाई पालिकाले राखेतापनि सो सम्बन्धमा सुनिश्चित हुने प्रमाण पेश गरेको देखिएन । पालिकाले आ. व २०८१।८२ मा कोटेशन मार्फत कुल रु १४३०१२./- (मु.अ.कर समेत) मा १६० थान न्यानो झोला खरिद गरेको देखियो । आ.व २०८१।०८२ मा ९ जना महिलाले प्रसुती गराई निजहरुलाई ९ .थान झोला वितरण गरी बाँकी १५१ थान झोला मौज्दातमा हुनुपर्नेमा ९ थान मात्र मौज्दात रहेको भनाई पालिकाले राखेको छ । वर्थिङ्ग सेन्टर वाहेकको स्वास्थ्य संस्थामा समेत उपरोक्त झोला भरपाई मार्फत वितरण गरेको हुँदा उक्त झोला तोकिएको प्रयोजनमा खर्च भए नभएको सम्बन्धमा प्रभावकारी नियमन गर्नुपर्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

६२ **स्वास्थ्य**

६२.१ पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना

उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले देहायका फर्महरुबाट रु २५१२५७८ को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

भौ न मिति	औषधी आपुर्तिकर्ता	औषधी खरिद रकम	विनियोजित बजेट	कैफियत
१५३।२०८१।११।२६	एम. ए . ग्रुप अफ कम्पनी	५३३९१४	१८३२८२८	बोलपत्रमार्फत खरिद
३२४।२०८२।३।१५	क्यान्डेला मेडि कन्सर्न	४०५७२९	१०४८१८७	बोलपत्रमार्पत खरिद
२१।२०८१।७।१० पालिका	नित्या श्री सपल्यार्स	२७६८५०	३०००००	कोटेशनमार्फत खरिद
८।२०८१।६।१० पालिका	मानसरोभर मेडि हेल्थ प्रा. लि	४९७६७५	५०००००	कोटेशनमार्फत खरिद आयुर्वेदिक औषधी खरिद
१६।२०८१।७।६ पालिका	रबिन आयुर्वेद पसल	७९८४१०	८०००००	कोटेशन मार्फत खरिद आयुर्वेदिक औषधी
जम्मा		२५१२५७८	४४८१०१५	

६२.२ स्वास्थ्य स्वयंमसेविकाको अभिलेखः स्थानीय तहबाट गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलाप सञ्चालन सम्बन्धी मार्गदर्शन २०८१।८२ मा महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविका सहितको विवरण FCHV मा अनिवार्य प्रविष्टी गरी सो बमोजिम हुन आउने रकम खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले प्रदान गरेको विवरण अनुसार ६० जना महिला स्वास्थ्य स्वयंसेविकालाई जनही रु. १२००० को दरले यातायात तथा रु. १०००० को दरले पोशाक भत्ता दिएको देखिन्छ । तर स्वास्थ्य व्यवस्थापन प्रणालीमा Active FCHV मात्र ५५ जना मात्र रहेको तथा १५ जनाको जन्ममिति प्रविष्टी नगरेको हुँदा सो सम्बन्धमा यकिन गरी अभिलेख व्यवस्थित बनाउनुपर्छ । तसर्थ प्रचलित कानुनमा भएको व्यवस्था बमोजिम सबै स्वास्थ्य स्वंयमसेविकालाई उक्त प्रणालीमा आवद्ध गरेपछि मात्र भुक्तानी दिने व्यवस्थाको थालनी गर्नुपर्छ ।

६२.३ पालिकाले औषधी तथा औषधीजन्य सामाग्रीहरु खरिद गर्दा बोलपत्र मार्फत नगरी कोटेशन मार्फत गरेको देखियो ।यसरी गरिएको खरिद प्रक्रियामा सहभागी फर्महरुमध्ये कुनै एकजना फर्ममात्र सम्पूर्ण औषधी तथा औषधीजन्य सामाग्रीहरुको लागि न्युनतम दर कबोल गरी सोही अनुसार खरिद कार्य अगाडी बढाएको देखिन्छ । यसरी बन्द सुचीको आधारमा खरिद कार्य अगाडी बढाउँदा आइटमवाइज घटी बढी दररेट सहितको विवरण प्राप्त नभई सिलबन्दी खरिद प्रक्रियामा संलग्न फर्महरुमध्ये कुनै एक फर्मले सारभुत रुपमा सम्पूर्ण आइटममा घटी रकम कबोल गरी सोही अनुसार खरिद कार्य अगाडी बढाइएको देखिएको हुँदा खरिद कार्यमा विश्वश्त हुन सकेन । यस सम्बन्धमा पालिकाबाट नियमन गर्नुपर्छ ।

६२.४ खोपको विवरणः पालिकाले जिल्ला स्वास्थ्य कार्यालय तथा प्रदेश कार्यालयबाट निश्चित कार्यक्रम गर्नको लागि प्राप्त गरेको विभिन्न किसिमको खोपहरु वितरण गर्दा उक्त खोप तोकिएको प्रयोजनमा उपयोग गरी बाँकी रहेको खोपहरु तोकिएको गुणस्तरमा नै सम्बन्धीत कार्यालयलाई फिर्ता गर्नुपर्ने दायित्व पालिकामाथि रहन्छ ।पालिकाले खोपसम्बन्धी प्रादन गरेको विवरण देहायबमोजिम छन । पालिकाले विभिन्न १० किसिमको १२५९६ गोटा खोपहरु प्राप्त गरेको छ । प्राप्त खोपहरु मध्ये ९६२५ गोटा खोपहरु सम्बन्धित कार्यक्रममा खपत भएको छ भने १५ गोटा खोप खेर गएको देखिन्छ । साथै २९५६ गोटा खोपहरु सम्बन्धीतलाई फिर्ता पठाएको भनाई पालिकाले राखेतापनि त्यसको पुष्टी हुने आधिकारिक कागजात पेश हुन आएन ।

क्र.स	खोपको नाम	प्राप्ति संख्या	खर्च		फिर्ता
			उपयोग भएको	विग्रेको	
१.	बि.सि.जी	२८८०	१७२०	०	११६०
२.	रोटा	५४४	३८३	०	१६१
३.	पोलियो	१२७०	११५०	०	१२०
४.	एफ.आई.पि.भी	११००	८६५	५	२३०
५.	पि.सि.भि	९१२	७५२	०	१६०
६.	डि.पि.टी हेप.बी	१२९०	११५०	०	१४०
७.	दादुरा रुबेला	२०४०	१६६०	०	३८०
८.	जे.ई	९४५	५४५	०	४००
९.	टाईफाइड	५९५	४६०	०	१३५
१०.	टि.ढी	१०२०	९४०	१०	७०
११.		१२५९६	९६२५	१५	२९५६

६३ **पाथीभरा मन्दिर संरक्षण तथा व्यवस्थापन तर्फ-**

पालिकाले पाथीभरा संरक्षण तथा व्यवस्थापन ऐन, २०७९ को दफा ५ बमोजिम यो बर्ष संरक्षण समितिको पदावधि मिति २०८२-१०-१४ मा २ बर्षमा समाप्त भई कार्यपालिकाले सोहि मितिमा समितिका ९ जना सदस्यलाई निरन्तरता दिने व्यवस्था गरेको देखियो । पाथीभरा व्यवस्थापन समिति मार्फत पाथिभरा मन्दिरको यो बर्षको आम्दानी रु.१ करोड २७ लाख ६३ हजार ३०८ र सिद्धदेवि मन्दिर तर्फ रु.१० लाख ३५ हजार ७४९ समेत रु.१ करोड ३७ लाख ९९ हजार आम्दानी संकलन गरेको छ ।यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन् –

६३.१ **सञ्चालन तथा व्यवस्थापन -** पाथीभरा संरक्षण तथा व्यवस्थापन समिति मार्फत रु.१ करोड ३७ लाख ९९ हजार आम्दानी संकलन गरेकोमा यो बर्ष समितिको पदाधिकारीको सुविधा र कर्मचारीको तलब भत्तामा रु.३० लाख ९५ हजार १५० र मन्दिर सञ्चालन वापत रु.१० लाख १७ हजार समेत रु.४१ लाख १२ हजार १५० खर्च गरेको छ । जुन संकलन गरेको आयको २९.८० प्रतिशत रहेको छ । मन्दिर व्यवस्थापनमा दीर्घकालिन स्रोतको सुनिश्चितता गर्नुपर्दछ ।

६३.२ **नगदी रसिदको प्रयोग –** यस पालिकाले पाथीभरा मन्दिर संरक्षण तथा व्यवस्थापन समित मार्फत भेटी संकलन गर्दा आर्थिक बर्षमा नगदी रसिद प्रयोग गरी आम्दानी गरेको जानकारी हुन आयो। सो प्रयोजनका लागि यो बर्ष प्रयोग भएको नगदी रसिद पालिकाको रसिद नियन्त्रण खातामा प्रबिष्ट गरेको देखिएन् ।यसले गर्दा प्रयोग भएको रसिद अनुसारको आम्दानी संकलन भएको सम्बन्धमा यकिन गर्न सकिएन् । मन्दिरमा आम्दानी संकलन गर्न प्रयोग भएको नगदी रसिद रसिद नियन्त्रण खातामा प्रबिष्टि गरेर मात्र राजस्व संकलनमा परिचालन गर्नुपर्दछ ।

६३.३ **भारु सटहि -** पाथिभरा मन्दिर र सिद्धदेवि मन्दिरमा संकलन भएको भारु नगदको सटहि पश्चात समितिको खातामा विभिन्न मितिमा रकम जम्मा गर्ने गरेको देखियो । कुन मितिमा क-कसलाई भारु सटही गरी रकम संकलन भएको हो सो को स्पष्ट अभिलेख नराखेकोले के कति भारु सटहि भएको हो सो सम्बन्धमा यकिन गर्न सकिएन । सटहि भएको भारु र बैंक दाखिलाको स्पष्ट अभिलेख राख्नुपर्दछ ।

६३.४ **पाथिभरा स्टलको भाडा** – मन्दिर स्थित ४९ वटा सटललाई प्रति सटर रु.६०० को मासिक दरले सम्झौता गरी यो बर्ष रु.३५२८०० आम्दानी संकलन देखियो । उक्त सटलहरु विगत बर्षको सम्झौता वमोजिम संकलन गरेको उल्लेख गरेकोमा सो को सम्झौता पेश भएन । सटर भाडाको लागि सूचना प्रकाशन गरी प्रतिस्पर्धात्मक रुपमा आय ठेक्का व्यवस्थापन गर्नुपर्दछ ।

६३.५ **आम्दानी ढिला दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पाथीभरा मन्दिर व्यवस्थापन समितिले भेटी तथा चन्दा मार्फत संकलन गरेको रकम समितिको खातामा भोलिपल्ट जम्मा गर्ने गरेको र पालिकाको आन्तरिक राजस्व खातामा मासिक रुपमा जम्मा गर्ने उल्लेख गरेको छ । आर्थिक बर्ष २०८१।८२ को असार मसान्त सम्म संकलन भएको भेटी रु.१ करोड ३७ लाख ७२ हजार मध्ये असार मसान्त सम्म रु.१ करोड ३२ लाख ७२ हजार ५०५ दाखिला गरेको र बाँकी रकम रु.५ लाख २६ हजार ५५३ भारु सटहि पश्चात मिति २०८२-०५-०८ मा दाखिला गरेको छ । तोकिएको समयभित्र भेटी संकलन तथा दाखिला गर्ने व्यवस्थाको पालना गर्नुपर्दछ ।

६३.६ **जिन्सी सामाग्री** - पाथीभरा संरक्षण तथा व्यवस्थापन समितिको आर्थिक प्रशासन सम्बन्धि विनियम,२०७९ को दफा १० मा एक बर्ष भन्दा बढी खप्ने स्थायी प्रकृतिको सामाग्रीलाई खर्च भएर नजाने स्थायी सम्पत्ती खातामा आम्दानी बाध्ने उल्लेख छ । समितिले यो बर्ष मुचुल्का मार्फत संकलन गरेको विभिन्न प्रकारको जिन्सी समाग्री सुन,चाँदी,धातु लगायतको मूल्य रु.१६ लाख ९ हजार १६८ उल्लेख गरेकोमा समितिको जिन्सी खातामा आम्दानी बाँधेको देखिएन ।उक्त जिन्सी सामाग्री समितिको लकरमा राखेको उल्लेख गरेको छ । जिन्सी सामाग्रीको अभिलेखाङ्कन गर्दै सुरक्षित रुपमा भण्डारण तथा व्यवस्थापन गर्नुपर्दछ ।

विनियमको पालना– पाथीभरा संरक्षण तथा व्यवस्थापन समितिको आर्थिक प्रशासन सम्बन्धि विनियम,२०७९ को दफा ७ मा समितिको लेखा लेखाको सर्बमान्य सिद्धान्त र लेखामानको पालना गर्ने, दफा १० मा एक बर्ष भन्दा बढी खप्ने स्थायी प्रकृतिको सामाग्रीलाई खर्च भएर नजाने स्थायी सम्पत्ती खातामा आम्दानी बाध्ने , दफा २४ मा समितिको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गाउँपालिकाले तोके अनुरुप हुने लगायतको व्यवस्था उल्लेख भएकोमा सो व्यवस्थाको पालना भएको देखिएन । विनियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

६४ **आन्तरिक आय-**

पालिकाले सुत्र अन्तर्गतको राजस्व व्यवस्थापन प्रणालीलाई प्रयोग गरी पालिकाले प्राप्त गर्ने आन्तरिक आयको व्यवस्थापन गर्दै गरेको भनाई राखेको छ । उक्त प्रणाली हेर्दा देहायबमोजिमको वडाहरुले सिर्जित गरेको रसिद , दाखिला फाराम तथा विनियोजन तर्फको म.ले.फा.न २७० को अनुसुची ४ राजस्व संकलन गर्ने कार्यालय अनुसारको विवरणविच फरक फरक व्यहोरा देखिएको हुँदा पालिकाले पेश गरेको असुली, दाखिला सम्बन्धमा यकिन गर्न सकिएन ।

पालिका तथा वडा नं	सिस्टमबाट सिर्जित रसिद संख्या १०१	सिस्टमा देखिएको रसिद अनुसारको असुल रकम user	सिस्टमा देखिएको दाखिला फाराम अनुसारको रकम १०३	विनियजन तर्फको म. ले . फा . नं २७० अनुसुची ४ अनुसारको रकम	फरक म.ले.प.फा.नं.१०३ र २७० अनुसुचि ४ वमोजिम	कैफियत
पालिका	३०१	२८४१४५१. ६० खगेन्द्र	२६८३६०९२.८९	१९१५१९१८.५४	७६८४१७४.३५	सुत्रको म.ले.प.फा.नं.१०३ मा Double entry भएको कारण फरक परेको ।
		५५०० रोशन				
		५१८५६८. ५५ अन्जना कुमारी				
१	१७	१३९४८६०.२२	६९७४३०.११	६९७४३०.११		
२	२२	१०१३३०८.६८	४२६४३९.०२	४२६७३९.०२		
३	२०	२१६९७२२.४	१०८४८६१.२	१०८४८६१.२		
४	१६	१४४९९५९.६६	७२४९७९.८३	७२४९७९.८३		
५	१८	२७६४५२०.७२	९९५७३०.३	९९५७३०.३		
६	१२	२१०६९८७.९२	१०५३४९३.९६	१०५३४९३.९६		

माथि उल्लेखित विवरण अनुसार सेवाग्रीहरुले सिधै वैंक दाखिला गरेको हुँदा पालिकातर्फ सिर्जित रसिद अनुसारको असुल रकम तथा म.ले.प.फा नं २७० को अनुसुची ४ को विवरणविच भिन्नता रहेको भनाई पालिकाले राखेको छ । यसरी पालिकाको जम्मा आम्दानी व्यवस्थित हुने गरी अभिलेख राख्नुपर्छ ।

६५ **कम्प्युटर लेखा प्रणाली -**

पालिकाले राजश्वलाई नियमित र व्यवस्थित गर्न साङ्ग्रिला सफल्टवेयर तथा सुत्रको राजस्व मोडेल सफ्टवेयर प्रयोग गरेको पाइयो। पालिकाबाट आर्जन हुने आम्दानीलाई सफ्टवेयर व्यवस्थित गरी रू.२ करोड ४१ लाख १५३ आन्तरिक आय देखाएको पाइयो। प्राविधिक विषयको कारण आम्दानीको सफ्टवेयर सिस्टमको परिक्षण गर्न नसकिएकोले सफ्टवेयरले देखाएको आम्दानीलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । सफ्टवेयर प्राविधिक विषय भएकोले सफ्टवेयरसंग सम्बन्धित जोखिम वा त्यसले पार्ने वा पारेको प्रभावबारे परिक्षणको सीमा भन्दा बाहिर रहेको छ।उक्त सफ्टवेयर राज्यको कानून अनुरुप र आर्थिक कारोवारालाई पारदर्शी तथा स्वच्छ तुल्याउन आर्थिक कारोवारको सुरक्षा, विश्वसनियता र आधिकारिकताका लागि प्रत्येक वर्ष सूचना प्रविधि लेखापरीक्षण (IT Audit) गराउनु पर्ने देखिन्छ।उक्त सफ्टवेयरहरु राज्यको कानून अनुरुप र आर्थिक कारोवारलाई पारदर्शी तथा स्वच्छ तुल्याउन विश्वसनियता र आधिकारिकताका विषयमा ध्यान दिनुपर्दछ।पालिकाले राजस्व संकलनको लागि IPT sub tech को सफ्टवेयर प्रयोगमा ल्याएको जनाएको छ ।पालिकाले पेश गरेको विवरण अनुसार IPT र सुत्रमा प्रबिष्ट विवरण अनुसार कैफियत वमोजिम देहायको फरक परेको देखिएकोले राजस्व संकलनको यथार्थता यकिन गर्न सकिएन ।

विवरण	IPT मार्फत संकलन	सुत्रमा प्रबिष्ट रकम	फरक	कैफियत
		User Wise Collection अनुसार		
पालिका केन्द्र	३०,२७,१०९.८०	१,९०,८२,८२३.२०	१,६०,५५,७१३.४०	आंशिक रुपमा IPT र सुत्रमार्फत राजस्व संकलन गरेको ।
				QR मार्फत रु.७३,८४५ सकलन समेत गरेको ।
वडा नं.१	७१८१०९.६३	६९७४३०	२०६७९.६३	QR मार्फत संकलन भई बैंक दाखिला भएको ।
वडा नं.२	४२९७२८.५७	४२६७३९.०२	२९८९.५५	दाखिला गर्नुपर्ने रकम सुत्रमा
				Verified भएको छैन ।
वडा नं.३	१५९९२९७.५१	१०८४८६१.२	५१४४३६.३१	पालिका केन्द्र तर्फको User Assign भएको । वडा सचिब अन्जना कुमारी शाहीको user id अनुसारको संकलनमा जम्मा देखिएको
वडा नं.४	७२४९७९.८३	७२४९७९.८३	-	
वडा नं.५	९९५७३०.४६	९९५७३०.३	०.१६	
वडा नं.६	१०५३४७५.९६	१०५३४९३.९६	१८	

राजस्व संकलनको लागि दुई प्रकारको सफ्टवेयरको प्रयोग अन्त्य गरी सुत्र प्रणालीको सफ्टवेयर मात्र प्रयोगमा ल्याउँनु पर्दछ ।

६६ **जोर कलश सटर भाडा** –

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ५७ मा गाउँपालिकाले क्षेत्रभित्र बहालमा दिएकोमा गाउँपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने व्यवस्था छ । रोङ गाउँपालिका वडा नं. ०४ स्थित १४ वटा सटर रहेकोमा १३ जनाले सटर मासिक रु.३००० को दरले भाडामा लिएको देखियो । पालिकाले पुरानो सम्झौता अनुसार सटर भाडामा दिएको उल्लेख गरेकोमा सो सम्झौता पेश भएन । पालिकाले सूचना प्रकाशन गरि अधिकतम दरमा सटर भाडामा लगाई आन्तरिक आम्दानी अभिबृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ । साथै देहायको सम्झौता भएको सटर धनीले सम्झौता बमोजिमको राजस्व दाखिला गरेको नदेखिएकोले उक्त रकम असुल गरि दाखिला गर्नुपर्ने रु.

सटर धनीको नाम	ठेगाना	सम्झौता अनुसार बुझाउनु पर्ने राजस्व	बुझाएको राजस्व	बुझाउन बाकिँ रकम
मंगली तामाङ्ग	रोङ ४ इलाम	३६०००	-	३६०००
प्रदिप राई	बुद्धशान्ति गा.पा.०७ झापा	३६०००	२६४३०	९५७०
टिकाराम राई	बुद्धशान्ति गा.पा.०७ झापा	३६०००	-	३६०००
विनिता गुरुङ्ग	रोङ गा.पा. ०४, झापा	७२००० (२ वटा सटर)	-	७२०००
राजेश गुप्ता	बुद्धशान्ति गा.पा.०७ झापा	३६०००	-	३८०००
नर बहादुर विश्वकर्मा	बुद्धशान्ति गा.पा.०७ झापा	३६०००	१६००	३४४००
लिला खतिवडा	बुद्धशान्ति गा.पा.०७ झापा	३६०००	८१००	२७९००
			जम्मा	२५३८७०

असुल गर्नुपर्ने	२,५३,८७०

६७ **जेष्ठ नागरीक संवाद कार्यक्रमः**

(१०१-2081-07-07):

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । त्यस्तै करार सेवा नियमहरु, २०२६ को नियम २ (३) नेपाल सरकारले करारनामा गराउँदा सो करारमा काममा लगाइने व्यक्तिले पूरा गर्नुपर्ने काम र कर्तव्य, निजले पाउने पारिश्रमिक र सुविधा, काममा लगाइने अवधि तथा अन्य सेवाका शर्तहरु स्पष्ट उल्लेख गरी काममा लगाउनु पर्ने व्यवस्था छ । जेष्ठ नागरीक संवाद कार्यक्रममा सुर्योदय विकास संस्थालाई रु. २१०५२० भुक्तानी गर्दा संलग्न सम्झौता पत्रमा सेवा प्रदायकले कति जना जेष्ठ नागरीक संग कति समय अवधीको अन्तरवार्ता लिई प्रशारण गर्नुपर्ने विषयमा स्पष्ट उल्लेख गरेको देखिएन । सेवा प्रदायकले गर्नुपर्ने कामको स्पष्ट मापदण्ड वेगर भुक्तानी गर्ने कार्य अनियमित देखिएको रु.,

अनियमित भएको	२,१०,५२०

६८ **शिक्षा तर्फ-**

६८.१ **शिक्षक विद्यार्थी अनुपात** - शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ।सोही नियमावलीको नियम १२क मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ।निर्देशिकाको बुँदा नं १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्य अध्ययन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत रहेका ३० सामुदायिक विद्यालयबाट प्राप्त विवरण अनुसार न्यून शिक्षक विद्यार्थी अनुपात भएका विद्यालयहरुको विवरण निम्नानुसार छन।

क्र.स.	विद्यालयको नाम	वडा	बाल विकास दरबन्दी	स्थायी कार्यरत दरबन्दी	करार	राहात	अस्थायी/ लियन	रिक्त दरबन्दी	जम्मा दरबन्दी	विद्यालय कर्मचारी	विद्यार्थी संख्या २०८२	अनुपात
१	श्री ज्योति आ वि	१	२	५	१	१	०		९	१	५६	६.२२
२	श्री देविगञ्ज आ वि	१	२	६		२	०		१०	१	८१	८.१
३	श्री किसान जनहित आ वि	१	१	३			०		४	१	२६	६.५
४	श्री ज्ञानोदय आ वि	१	१	१	१		०	१	४	१	५१	१२.७५
५	श्री अरुणोदय आ वि	२	१	०	१	०	०		२	१	१०	५.
६	श्री शान्तिपुर मा वि	२	१	८		५	०		१४	२	१७९	१२.७९
७	श्री शशी मा वि	२	२	६	०	५	०		१३	२	१५९	१२.२३
८	श्री विष्णु अमर आ वि	२	२	५		३	०		१०	१	६०	६.
९	सरस्वती आवि	२	१	०		१	०	१	३	१	२९	९.६७
१०	श्री शान्तिनिकेतन मा वि	३	२	१२	२	३	०		१९	२	२३१	१२.१६
११	श्री जनता आ वि	३	१	०			०		१	०	१	१.
१२	श्री शंकर आ वि	३	२	७		१	०		१०	१	७४	७.४
१३	श्री शारदा आ वि	३	१	१	१		०		३	१	२७	९.
१४	श्री चन्द्रकला आ वि	३	१	२			०		३	१	१४	४.६७
१५	श्री सरस्वती मा वि रोड	४	१	६	२	४	१	१	१५	३	१४३	९.५३
१६	श्री गणेश आ वि	४	२	२		१	०		५	२	३७	७.४
१७	श्री नवसिर्जना आ वि	४	१	१			०		२	१	४	२.
१८	बाल कल्याण आ.वि.								०			०
१९	श्री बहुवन मा वि	५	१	५		३	१	१	११	२	१०४	९.४५
२०	श्री उमामहेश्वर मा वि	५	१	९		१	०	१	१२	२	१३३	११.०८
२१	श्री चिसापानी आ	५	१	२			०		३	१	२२	७.३३

	वि											
२२	श्री इरौँटार आ वि	५	१	२		१	०		४	१	३४	८.५
२३	नारायण आ.वि	५	१	२			०	१	४	१	२६	६.५
२४	श्री मालबाँसे आ वि	५	१	२		१	०		४	१	३२	८.
२५	श्री कुवापानी मा वि	६	१	७	०	२	०	१	११	२	१००	९.०९
२६	श्री जिर्मले आ वि	६	१	१		१	०		३	१	२५	८.३३
२७	श्री पाटापुर आ वि	६	१	२			०		३	१	१५	५.
२८	श्री मोतिराम मा वि	६	३	९	०	३	०		१५	२	११८	७.८७
२९	श्री लामीटार आ वि	६	१	२		१	०		४	१	३४	८.५
३०	श्री सरस्वती मा वि रोङ ६	६	२	९	०	२	०	०	१३	२	१४३	११.
जम्मा			३९	११७	८	४१	२	७	२१४	३९	१९६८	

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लिखित विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात १ देखि १२.७९ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्यून रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्ने गरेको अवस्था देखियो। अतः न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवम शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

६८.२ **प्रति विद्यार्थी लागत** - विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्य अध्ययन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत रहेका ३० सामुदायिक विद्यालयबाट प्राप्त विवरण अनुसार विद्यालयलाई भएको कूल निकासाको आधारमा प्रति विद्यार्थी लागतको विवरण निम्नानुसार छन।

क्र. स.	विद्यालयको नाम	विद्यालयलाई भएको कूल निकासा रकम	विद्यार्थी संख्या	प्रति विद्यार्थी लागत
१	श्री शान्तिनिकेतन मा वि	५१५३६८५	२८६	१८०१९.८८
२	श्री सरस्वती मा वि रोङ -४	२७३३८५९	१७१	१५९८७.४८
३	श्री शंकर आ वि	२०२२९१७	७६	२६६१७.३३
४	श्री शारदा आ वि	७४७९५३	३०	२४९३१.७८
५	श्री जनता आ वि	३७६७२२	७	५३८१७.४६
६	श्री गणेश बा वि	८६४०३७	४०	२१६००.९२
७	श्री नवसिर्जना आ वि	४०५५४९	५	८११०९.७
८	श्री बालक्याण आ वि	१८३१९०	१	१८३१९०.
९	श्री अरुणोदय आ वि	४५०६१८	१९	२३७१६.७२
१०	श्री ज्ञानोदय आ वि	६४२३११	४८	१३३८१.४८
११	श्री शान्तिपुर मा वि	३०६२५१६	१९१	१६०३४.१२
१२	श्री किसान जनहित आ वि	७५२९६५	३६	२०९१५.७
१३	श्री ज्योति आ वि	१६६२५८३	५६	२९६८८.९९
१४	श्री देविगञ्ज आ वि	१७१२३२७	१०१	१६९५३.७३
१५	श्री विष्णु हमर आ वि	१७५३६७९	८८	१९९२८.१७
१६	श्री शशी मा वि	२७५०७४६	१८२	१५११३.९९
१७	श्री सरस्वती आ वि	५८८९८४	३४	१७३२३.०६
१८	श्री इरौंटार आ वि	७७०३९६	३७	२०८२१.५२
१९	श्री उमामहेश्वर मा वि	२४६५२५५	१३३	१८५३५.७५
२०	श्री नारायण आ वि	८००५३४	२८	२८५९०.५
२१	श्री चन्द्रकला आ वि	५६७५२८	१८	३१५२९.३३
२२	श्री चिसापानी आ वि	५८०६९२	२०	२९०३४.६२
२३	श्री बहुवन मा वि	२५८४७८१	११३	२२८७४.१७
२४	श्री मालबाँसे आ वि	७८२०९६	३६	२१७२४.८८
२५	श्री कुवापानी मा वि	२३५६९५७	१२९	१८२७०.९९
२६	श्री जिर्मले आ वि	५५०६३१	२६	२११७८.१
२७	श्री पाटापुर आ वि	५५४३४६	१८	३०७९७.०२
२८	श्री मोतिराम मा वि	२७९२४२३	१३१	२१३१६.२
२९	श्री लामीटार आ वि	८०३६१५	५०	१६०७२.२९
३०	श्री सरस्वती मा वि रोङ ६	२६९७४८९	१४३	१८८६३.५६

	जम्मा	४४१७१३८३	२२५३	१९६०५.५८

उल्लिखित विवरण अनुसार श्री बालक्याण आ.वि.मा सबै भन्दा धेरै प्रति विद्यार्थी लागत श्री प्राथमिक विद्यालयको रु १,८३,१९० र सबै भन्दा कम प्रति विद्यार्थी लागत श्री शशी मा वि. विद्यालयको रू. १५,११३.९९ देखियो। धेरै प्रति विद्यार्थी लागत भएको विद्यालयलाई अन्य विद्यालयहरुमा समायोजन गर्न आवश्यक अध्ययन गरी कार्यान्वियन गर्नुपर्दछ।

६८.३ **करार शिक्षकको तलव भत्ता** - शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०८१।८२ को लागि स्वीकृत तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकासित कार्यक्रम कार्यान्वियन पुस्तिकाको खण्ड २ मा स्वीकृत दरवन्दीमा कार्यरत स्थायी तथा अस्थायी/ करार र शिक्षण राहत अनुदान कोटामा कार्यरत शिक्षक तथा प्रारम्भिक वाल विकास शिक्षकको तलव भत्ताको लागि वित्तीय हस्तान्तरण मार्फत जाने सशर्त अनुदानबाट खर्च लेख्नुपर्ने व्यवस्था छ। त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा पालिकाको कार्यक्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी र सेवा करारमा लिइने दरवन्दी प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। अस्थायी प्रकृतिको दरवन्दी सिर्जना गर्न नहुने व्यवस्था छ। पालिकाले दरबन्दी स्वीकृत नगरी १ विद्यालयहरुमा भाषा शिक्षक करारमा नियुक्त गरी यो वर्ष संघीय सरकार राजस्व बाँडफाट स्रोतबाट रु.४,३७,७०६ तलब भत्ता वापत भुक्तानी गरेको देखियो। कार्यबोझ र पालिकाको आफ्नो आयको आकार समेतको आधारमा विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपातका आधारमा सर्वेक्षण गरेर मात्र शिक्षकको दरबन्दी सिर्जना गरी शिक्षकको तलव खर्च लेख्नुपर्दछ।

६८.४ **निःशुल्क पाठ्यपुस्तक-** कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं.२.४.६.२ मा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेस्रो त्रैमासिकभित्र अनुदान दिने, अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत सङ्ख्यालाई मात्र अनुदान दिने तथा शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था छ। पाठ्यपुस्तक खरिदका लागि पालिकाले निकास दिदां विद्यालय प्रति सेट समेत निकासा गरी रु.५०,९४१ भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

वडा नं.	विद्यालयको नाम	Emis अनुसार जानुपर्ने निकासा	गएको निकासा	विद्यालय प्रति
२	सरस्वती आधारभूत विद्यालय	१२६३७.२	१५४४२	२८८८
२	अरुणोदय आधारभूत विद्यालय	२९६८	४०९९	११५३
५	बाहुवन मावि	६३२९२.६	६६४१४	६९२०
२	विष्णु अमर आधारभूत विद्यालय	२९८२२.२	३९५३९	५२२६
३	चन्द्रकला आधारभूत विद्यालय	६८६७.६	९६२३	२२५५
५	चिसापानी आधारभूत विद्यालय	७८१९.२	९४७८	१६५८
१	देवीगन्ज आधारभूत विद्यालय	४४२५१.२	४९०७९	५२२६
४	गणेश आधारभूत विद्यालय	११४४५.६	१०६२४	२२९२
१	ज्ञानोदय आधारभूत विद्यालय	१६१७२.८	१८८९०	२८८८
५	इरोनटार आधारभूत विद्यालय	१३५२३.२	१६२०५	२८८८
३	जनता आधारभूत विद्यालय	५५६.८	४०४१	५५७
६	जिरमले आधारभूत विद्यालय	१०००४.८	९३४२	२८८८
१	ज्योति आधारभूत विद्यालय	२९६८८.८	३२६११	५२२६
५	किसान जनहित आधारभूत विद्यालय	१०३८४	१३१८५	२८८८
६	कुवापानी मावि	६४९६२.८	७२१७७	६९२०
६	लामिटार आधारभूत विद्यालय	१२७८६	१६११२	२८८८
५	मालबन्से आधारभूत विद्यालय	१३०९६.८	१७१२७	२८८८
६	मोतीराम मावि	६५१०१.६	७९०६८	६९२०
५	नारायण आधारभूत विद्यालय	१२०८०	१२१३५	२८८८
४	नव सिर्जना आधारभूत विद्यालय	१०४१.६	३१४४	५२१
६	पातापुर आधारभूत विद्यालय	६४५५.२	८७६५	२८८८
६	सरस्वती मावि	८४६३४.२	८२५९५	६९२०
४	सरस्वती मावि	१००७७०.४	१११२५९	६९२०
३	शंकर आधारभूत विद्यालय	३५५४०	४०५९०	५२२६
३	शान्ति निकेतन मावि	१४५४५०.४	१५२८८०	७५०५
२	शान्तिपुर मावि	११९०१३.७६	१२३२१६	६९४८
३	शारदा आधारभूत विद्यालय	११७०१.२	१३९२८	२८८८
२	शशी मावि	९०९२३.२	९७६७६	६९२०
५	उमा महेश्वर मावि	८५५८७.२	९६०१३	६९२०
			जम्मा	५०,९४१

अनियमित भएको	५०,९४१

६८.५ **स्यानिटरी प्याड खरिद** –सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा सेनिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले नित्या सप्लायर्सबाट ७१६५ प्याकेट सेनिटरी प्याड प्रति प्याकेट रु.७६.३१(मू.अ.कर समेत) का दरले गो.भौ.नं.१२२।२०८१-१०-२९ बाट रु.५,४६,७९५ मा (मू.अ.कर सहित) खरिद गरेको छ । सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ५०१ जना रहेका छन। कार्यविधि अनुसार प्रति छात्रा १६ पिस (२ प्याकेट) १० महिनाको लागि १००२० प्याकेट खरिद गर्नुपर्नेमा ७१५६ प्याकेट खरिद छ । उक्त सेनिटरी प्याड १४ वटा विद्यालयलाई एकमुष्ठ वितरण गरेको छ । विद्यालयले वितरण गरेको प्रतिवेदन तयार गरी पालिकामा आंशिक रुपमा पठाएको पाइयो । पालिकाबाट विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गरी वितरणको सुनिश्चितता हुनुपर्दछ ।

६८.६ **अनुदानको अनुगमन** - शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा जारी कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ मा भएको व्यवस्था अनुसार स्थानीय तहले अनुदान प्राप्त विद्यालयले निर्धारीत मापदण्ड र प्रक्रीया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मावन स्रोत विकास केन्द्रमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले अन्तर्गतका विद्यालयहरुलाई यो वर्ष निम्नानुसार अनुदान निकासा गरेकोमा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन गर्ने तथा प्रतिवेदन दिने गरेको देखिएन। कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन हुनुपर्दछ।

क्र.स.	विद्यालयलाई अनुदान	विद्यालयको संख्या	निकासा रकम रु.
१	पाठ्यपुस्तक अनुदान	२९	१२२५२८८
२	छात्रवृति अनुदान	२९	२४०२००
३	दिवा खाजा	३०	३०८४७०५
४	कार्य सम्पादन आधारित अनुदान	४	२,१५०,०००

६९ **खेलकुद कार्यक्रम संचालनः**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिमेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि तयस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा परीक्षण गर्दा गाउँपालिका तथा वडा स्तरीय देहायका विभिन्न खेलकुद कार्यक्रमलाई रु.३४९६९३५.०० भुक्तानी गरेको छ । उक्त कार्यक्रमको नर्म्स तथा कार्यविधि बेगर खर्च भएको छ । नर्म्स तथा कार्यविधि तयार गरी त्यस्ता कार्यक्रम संचालन गर्नुपर्दछ ।

केही उदाहरण

गो. भौ . नं . / मिति	भुक्तानी लिनेको नाम	भुक्तानी रकम रु.
३८८।२०८१।१०।९	राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता	५५९३५०.
३८७।२०८१।१०।९	साकेला कप फुटवल	२५०००.
४९२।२०८१।११।८	खेलकुद कार्यक्रम वडा नं. ३	६००००.
५२९।२०८१।११।२८	देउमाईकप कप फुटवल	५९०५०.
५६५।२०८१।१२।८	राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता	३१८०००.
५६४।२०८१।१२।८	कराते प्रशिक्षक पारिश्रमिक	३१८०००.
६४३।२०८१।१२।२६	साकेला कप फुटवल	२५०००.
११६७।२०८२।३।२५	वडा खेलकुद कार्यक्रम, वडा नं . २	९९५४१.
११३४।२०८२।३।२३	वडा स्तरतिय शिक्षा समिति संचालन खर्च	४००००.
११०३।२०८२।३।२१	राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता	२८५०००.
९५२।२०८२।३।२	खेलकुद कार्यक्रम वडा नं.	९४६५०.
८८४।२०८२।२।२६	रोङ कप सञ्चालन	७९८४१४.
८६९।२०८२।२।२६	खेलकुद कार्यक्रम वडा नं. ६	४७५०००.
८५४।२०८२।२।२२	खेलकुद कार्यक्रम वडा नं. १	१०००००.
८०६।२०८२।२।८	फुटवल खेल सञ्चालन वडा नं. ३	८९९३०.
८०६।२०८२।२।८	फुटवल खेल सञ्चालन वडा नं. ३	५००००.
८१३।२०८२।२।८	वडा स्तरिय युवा तथा खेलकुद वडा नं. ४	१०००००.
जम्मा		३४९६९३५.

७० **बिशेष अनुदान ठेक्का नं.RRM/ILAM/NCB/GOODS/२०८१/८२-०७ supply and delivery of ICT Equipment's**

सामुदायिक विद्यालयहरुमा पूर्ण ICT कार्यक्रम अन्तर्गत विशेष अनुदान मार्फत प्राप्त रकम रु १,४०,००,०००। मा थप १५ % लागत साझेदारी रु २१,००,०००। थप स्रोत सुनिश्चित गर्ने गरी मिति २०८१.१०.०४ गतेको कार्यपालिकाले निर्णय गरी रु १,६१,००,००० यो बर्ष लागत अनुमान तयार गर्दा विभिन्न ६ वटा फर्मसँग दरभाउँ माग गरी न्यूनतम दर पेश भएको आईटमलाई लागत अनुमानमा समावेश गरी रु.१ करोड ६० लाख ९८ हजार ४४० को लागत अनुमान रहेको उक्त कार्यको विद्युतिय बोलपत्र आव्हान गरेकोमा न्यूनतम रु.१ करोड ३९ लाख ३१ हजार ४३१ कबोल गर्ने स्टार अफिस इन्टरनेशनल र पालिका बिच २०८१-१२-२२ मा कार्यसम्पन्न गर्ने गरी मिति २०८१-११-२२ मा सम्झौता भई कार्यसम्पादन पश्चात रु. १,३९,३१,४३१ भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन् -

७०.१ **विद्यालयको छनौट** – पालिका भित्रका विद्यालयमा ICT सामाग्री खरिद तथा जडान गर्ने गरी बोलपत्र आव्हान गरिएकोमा कुन विद्यालयमा के कति सामाग्री वितरण गर्ने सोको स्पष्ट मापदण्ड तयार भएको देखिएन । माग र आवश्यकताको आँङ्कलन गरी वस्तुनिष्ठ तवरले विद्यालय छनौट गरी समाग्री वितरण गर्नुपर्दछ ।

७०.२

सामाग्री वितरण – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। I.C.T. समाग्री खरिद गरिएको सामाग्री कुन विद्यालयलाई के कति मात्रामा वितरण गर्ने सोको मापदण्ड तयार नभएको र कार्यपालिकाले विद्यालय छनौट गरी निर्णय समेत गरेको देखिएन । पालिकाले देहायको विद्यालयलाई ICT सामाग्री वितरण गरेको विवरण पेश गरेको छ ।पालिकाबाट ICT सामाग्रीको सदुपयोगको सम्बन्धमा निरन्तर अनुगमन गर्नुपर्दछ ।

सि.नं.	विद्यालयको नाम	ल्यापटप	कम्प्युटर	प्रिन्टर	टेलिभिजन
१	अरुणोदय आ वि	१	१	१	०
२	ज्ञानोदय आ वि	०	३	१	०
३	इरौँटार आ वि	१	५	१	०
४	किसान जनहित आ वि	०	३	१	०
५	गणेश आ वि	१	४	१	१
६	चन्द्रकला आ वि	०	३	१	०
७	चिसापानी आ वि	१	४	१	०
८	जनता आ वि	०	०	०	०
९	जिर्मले आ वि	१	४	१	१
१०	ज्योति आ वि	०	५	१	०
११	देविगञ्ज आ वि	०	८	१	०
१२	नवसिर्जना आ वि	१	०	१	०
१३	नारायण आ वि	१	४	०	१
१४	पाटापुर आ वि	१	२	१	०
१५	बालकल्याण आ वि	०	०	०	०
१६	मालबाँसे आ वि	०	४	१	०
१७	लामिटार आ वि	०	३	१	०
१८	विष्णुअमर आ वि	०	५	१	०
१९	शँकर आ वि	०	४	१	०
२०	शारदा आ वि	०	२	१	१
२१	सरस्वती आ वि	१	३	१	०
२२	शान्तिपुर मा वि	०	०	१	०
२३	उमामहेश्वर मा वि	०	०	१	०
२४	कुवापानी मा वि	०	१०	१	०
२५	बहुवन मा वि	०	१	१	१
२६	मोतिराम मा वि	०	५	१	०
२७	शशी मा वि	०	०	१	०
२८	शान्ति निकेतन मा वि	०	०	१	०
२९	सरस्वती मा वि भालझोडा कोल्बुङ	०	०	१	०
३०	सरस्वती मा वि रम्याङ जिर्मले	०	५	१	१

जम्मा	९	८८	२७	६

७०.३ **मौज्दात सामाग्री** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिका र बिशेष अनुदानको साझेदारी अन्तर्गत खरिद भएको ICT सामाग्री पालिकाको साझेदारी तर्फको सामाग्री पालिकाले प्रयोग गरेको बाहेक अन्य मौज्दात रहेको सामाग्री वितरण भएको प्रमाण पेश गर्नुपर्ने रु.

विद्यालयमा वितरण गर्न बाँकी ICT सामाग्री					
क्र.स	सामाग्रीको नाम	इकाइ	परिमाण	दर	जम्मा रकम
१	Desktop computer	pcs	१८	७००००	१२६००००
२	LAPTOP I५	pcs	६	६९८००	४१८८००
३	Television	pcs	३	५७०००	१७१०००
४	A४ printer	pcs	११	१८५००	२०३५००
५	Projector	pcs	१	४२३००	४२३००
६	A४ Duplex	pcs	२	२७०००	५४०००
७	AVR with OPS	pcs	१०	४४०००	४४००००
जम्मा रकम भ्याट बाहेक					२५८९६००
जम्मा भ्याट रकम					३३६६४८
जम्मा रकम भ्याट सहित					२९२६२४८

प्रमाण पेश नगरेको	२९,२६,२४८

७१ **समपुरक र बिशेष अनुदान बचत ठेक्का** –

संघीय समपुरक तथा बिशेष अनुदान सम्बन्धि कार्यविधि,कोशी प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा ४ (२) मा प्रदेश सरकारले मन्त्रालयबाट छनोट भएका आयोजना वा कार्यक्रम कार्यान्वियनको लागि त्यस्तो आयोजनाको प्रकृति, आवश्यकता, प्राथमिकता, कार्यान्वियनबाट हुन सक्ने सम्भाव्य उपलब्धि तथा दिगोपना आदिको आधारमा कुल लागतको बढीमा ६५ प्रतिशतसम्म रकम समपुरक अनुदान रुपमा प्रदान गर्न सक्ने र बिशेष अनुदान सम्बन्धि कार्यविधि,२०८१ को दफा ७ मा स्थानीय तहले विशेष अनुदान रकम खर्च गर्दा जुन आयोजना वा कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सो आयोजना वा कार्यक्रममा मात्र खर्च गर्नु पर्ने व्यवस्था छ । साथै कोशी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ४ को उपदफा (१) बमोजिम प्रदेश स्रोतबाट सञ्चालन हुने गरी विनियोजन भएको कुनै आयोजना वा कार्यक्रमको एक पटक ठेक्का बन्दोबस्त भईसकेपछि बचत हुने रकमको पुनः ठेक्का लगाउन नपाइने र यसरी बचत हुने रकम सम्वन्धित निकायले तालुक मन्त्रालय मार्फत बजेट समर्पण गर्नुपर्ने व्यवस्था छ । पालिकालाई यस वर्ष संघीय, प्रदेश समपुरक र बिशेष अनुदानबाट प्राप्त देहायको ठेक्काबाट बचत भएको रकमबाट पून ठेक्का गरि खर्च लेखेको छ । योजनाको लागि संघीय सरकार, प्रदेश सरकारबाट समपुरक तथा बिशेष अनुदान बचत रकमबाट थप कार्य गराउँदा अनुदान दिने निकायको स्वीकृति तथा समर्थन बेगर खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

योजनाको नाम	निर्माण व्यवसायी	सम्झौता मिति	कार्यसम्पन्न गर्नुपर्ने मिति	अनुदान बचत रकम	लागत अनुमान (भ्याट र पि.एस.समेत)	सम्झौता रकम	कुल भुक्तानी रकम	अनुदान बचत बाट भुक्तानी
बिशेष अनुदान बचतबाट पूनःकार्य								
लोपन्मुख, आदिवासी , जनजाति , दलित , सिमान्तकृत वर्ग विशेष कृषि उपज प्रशोधन केन्द्र	श्री साई ट्रेडर्स			१८७०१०		१८७०१०	१८७०१०	१८७०१०
लोपन्मुख, आदिवासी , जनजाति , दलित , सिमान्तकृत वर्ग विशेष कृषि उपज प्रशोधन केन्द्र	रोहित गृल वर्कसप			९५७८१०		९५७८१०	९५७८१०	९५७८१०
रोङ गाउँपालिका अन्तर्गतको सामुदायिक विद्यालयहरुमा ई-हाजिरी जडान	ल्याण्ड इन्फोसिस			६८६५९		६८६५९	६८६५९	६८६५९
संघीय समपुरक अनुदान बचतबाट पून ठेक्का								
७ नं गोलाई मार्से सिम्ले सडक	माइपोखरी निर्माण सेवा	२०८१ चैत्र १५	२०८२ जेठ ३१	३१६४१५६।२८	९८७६९१७।४७	६३२८३१२।५६	६३२८३१२।५६	३१६४१५६।२८
प्रदेश समपुरक अनुदान बचतबाट पून ठेक्का								
हर्कटे दैले जौवारी सडक	दुर्गा देवि निर्माण कम्पनी प्रालि, इलाम	२०८१ चैत्र २१	२०८२ जेठ ३१	८२९७५७।२५	२४३२६७२।५६	१६५९५१४।५०	१६५९५१४।५०	११०१८४
हाँसपोखरी मझुवा सारुपाखा सडक	जलेश्वर निर्माण सेवा	२०८१ चैत्र ०६	२०८२ जेठ ३१	९०८१६३।३२	१८३६७१०।९१	१८१६३२६।६४	१८१६३२६।६४	११८०६११
							जम्मा	५६६८४३०

अनियमित भएको	५६,६८,४३०

७२ **लोपन्मुख,आदिवासी,जनजाति,दलित,सिमान्तकृत वर्ग विशेष कृषि उपज प्रशोधन केन्द्र (बिशेष अनुदान) ठेक्का नं. RRM/ILM/NCB/Works/०८१/८२-०५**

लोपन्मुख,आदिवासी,जनजाति,दलित,सिमान्तकृत वर्ग विशेष कृषि उपज प्रशोधन केन्द्र निर्माण कार्यको लागि लागत अनुमान रु.९६ लाख २१ हजार ८८५ रहेको निर्माण कार्यको लागि विद्युतिय बोलपत्र आव्हान गरेकोमा न्यूनतम रु.६२ लाख १० हजार २०० कबोल गर्ने निर्माण व्यवसायी माता पाथिभारा निर्माण तथा विकास प्रा.लि. र पालिका बिच २०८२-०३-२० मा कार्यसम्पन्न गर्ने गरी २०८१-०९-२५ मा सम्झौता भएकोमा यो बर्ष कार्यसम्पन्न पश्चात रु.६२ लाख १ हजार २०० भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन् –

७२.१ **पुर्वाधार लगानीमा स्वामित्व** –सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई निर्माण कार्य गर्न नहुने उल्लेख छ । पालिकाले निर्माण गर्ने योजनाको जग्गाको स्वामित्व आफ्नो नाममा ल्याएर मात्र

निर्माण सम्वन्धी कार्य गर्नुपर्दछ । वडा नं.१ कृषि उपाज केन्द्रको निर्माण कार्यको लागि पालिकाले गरेको पूर्वाधार क्षेत्रको लगानी सरकारी जग्गा वा स्वामित्वमा नै रहे नरहेको यकिन छैन । पालिकाले निर्माण कार्य गर्नुपूर्व निर्मित संरचना रहने जग्गाको स्वामित्व यकिन गरेर मात्र खरिद व्यवस्थापन गर्नुपर्दछ । साथै उक्त कृषि उपज संकलन केन्द्र निर्माण पश्चात सञ्चालन सम्बन्धि मापदण्ड तर्जुमा गरी पालिकाले आफ्नो आन्तरिक आम्दानी अभिवृद्धि गर्नुपर्दछ ।

७२.२ **भेरिएसन:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन जारी गर्दा प्राविधिक पुष्ट्याइँ समेत पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले पाथिभारा निर्माण तथा विकास प्रा.लि. सँग रु.६२,१०,२०० (मूल्य अभिवृद्धी कर समेत) मा सम्झौता गरेकोमा निर्माण कार्यको प्रथम पटक भेरिएसन गरी सम्झौता रकम रु.६२,०३,४९२ (मुअकर समेत) कायम भएको देखिन्छ । उक्त भेरिएसन आदेश जारी गर्दा पालिकाले कानुन बमोजिम निर्माण कार्य गर्नुपूर्व प्राविधिक कारण र पुस्टंयाई संलग्न वेगर विल विजकको नापी गरे पश्चात विओक्यु परिमाण भन्दा वढि नापी भएको परिमाणलाई भेरिएसन गरी सम्झौता रकम वृद्धि गरेको देखिन्छ। पालिकाले भेरिएसन गर्दा लागत अनुमान गर्दा अनुमान गर्न नसकिने आइटममा मात्र भेरिएसन गर्नुको प्राविधिक प्रतिवेदनका आधारमा गर्नुपर्नेमा सो विपरीत भुक्तानीका समयमा वढि परिमाणलाई भेरिएसन गरी भुक्तानी गरेको मनासिव देखिदैन। यसरी भेरिएसन गर्दा वृद्धी भएको परिमाणलाई मात्र समावेश गरी भेरिएसन गरेको देखिन्छ । पालिकाले प्राविधिक पुस्टंयाई र प्रतिवेदनका आधारमा आवश्यक परिमाण भेरिएसन गरेरमात्र निर्माण कार्य गर्ने गराउने र सोका आधारमा भुक्तानी गर्नेतर्फ ध्यान जानु पर्दछ ।

आइटम नं.	विवरण	शुरु परीमाण	भुक्तानी परीमाण	बढी । घटी परीमाण	दर	रकम
६	१०० mm breath slope area ९८ degree tickness	४३६१ के.जी.	१४९१.६४ के.जी.	-२८६९.३६	१५५	४४४७५०.८
७	M/s pipe cutting welding fitting enamel colouring works	६३५४.९१ के.जी.	११०६१.७९ के.जी.	४७०६.८८	१६०	७५३१००.८
					जम्मा	११९७८५१.६
					१३ % VAT	१५५७२०.७
					जम्मा	१३५३५७२.३

७३ **रित पूर्कको कर वीजक-**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो बर्ष रित पूर्कको कर वीजक बेगर देहायका निर्माण व्यसायीबाट निर्माण सेवा खरिद गरेको छ । माता पाथिभरा निर्माण तथा विकास प्रा.लि. (६१०१२६४००) को बिजक नं.१२।२०८२-०२-३१ रकम रु.४४०५११९ को मू.अ.कर १३ % रु.५,७२,६६५.४७ को बिजक केरमेट भएकोले मू.अ.कर समायोजनको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५,७२,६६५

७४ **लोपन्मुख,आदिवासी,जनजाति,दलित,सिमान्तकृत वर्ग विशेष कृषि उपज प्रशोधन केन्द्र ठेक्का नं. RRM/ILM/NCB/Works/ ०८१/८२-०६ (संघीय बिशेष अनुदान)**

लोपन्मुख,आदिवासी,जनजाति,दलित,सिमान्तकृत वर्ग विशेष कृषि उपज प्रशोधन केन्द्र निर्माण कार्यको लागि लागत अनुमान रु.८४

लाख १२ हजार ०२० रहेको निर्माण कार्यको लागि विद्युतिय बोलपत्र आव्हान गरेकोमा न्यूनतम रु.५७ लाख १५ हजार १९२ कबोल गर्ने निर्माण व्यवसायी माता पाथिभारा निर्माण तथा विकास प्रा.लि. र पालिका बिच २०८२-०३-२० मा कार्यसम्पन्न गर्ने गरी २०८१-०९-२५ मा सम्झौता भएकोमा यो बर्ष कार्यसम्पन्न पश्चात रु.५६ लाख ४९ हजार ३७५ भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन् –

७४.१ **पुर्वाधार लगानीमा स्वामित्व** –सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई निर्माण कार्य गर्न नहुने उल्लेख छ । पालिकाले निर्माण गर्ने योजनाको जग्गाको स्वामित्व आफ्नो नाममा ल्याएर मात्र निर्माण सम्वन्धी कार्य गर्नुपर्दछ । वडा नं.६ कृषि उपाज केन्द्रको निर्माण कार्यको लागि पालिकाले गरेको पूर्वाधार क्षेत्रको लगानी सरकारी जग्गा वा स्वामित्वमा नै रहे नरहेको यकिन छैन । पालिकाले निर्माण कार्य गर्नुपूर्व निर्मित संरचना रहने जग्गाको स्वामित्व यकिन गरेर मात्र खरिद व्यवस्थापन गर्नुपर्दछ । साथै उक्त कृषि उपज संकलन केन्द्र निर्माण पश्चात सञ्चालन सम्बन्धि मापदण्ड तर्जुमा गरी पालिकाले आफ्नो आन्तरिक आम्दानी अभिवृद्धि गर्नुपर्दछ ।

७४.२ **भेरिएसन:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन जारी गर्दा प्राविधिक पुष्ट्याइँ समेत पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले पाथिभारा निर्माण तथा विकास प्रा.लि. सँग रु.५७,१५,१९२ (मूल्य अभिवृद्धी कर समेत) मा सम्झौता गरेकोमा निर्माण कार्यको प्रथम पटक भेरिएसन गरी सम्झौता रकम रु.५७,१३,७११ (मुअकर समेत) कायम भएको देखिन्छ । उक्त भेरिएसन आदेश जारी गर्दा पालिकाले कानुन बमोजिम निर्माण कार्य गर्नुपूर्व प्राविधिक कारण र पुस्टंयाई संलग्न वेगर विल विजकको नापी गरे पश्चात विओक्यु परिमाण भन्दा वढि नापी भएको परिमाणलाई भेरिएसन गरी सम्झौता रकम वृद्धि गरेको देखिन्छ। पालिकाले भेरिएसन गर्दा लागत अनुमान गर्दा अनुमान गर्न नसकिने आइटममा मात्र भेरिएसन गर्नुको प्राविधिक प्रतिवेदनका आधारमा गर्नुपर्नेमा सो विपरीत भुक्तानीका समयमा वढि परिमाणलाई भेरिएसन गरी भुक्तानी गरेको मनासिव देखिदैन। यसरी भेरिएसन गर्दा वृद्धी भएको परिमाणलाई मात्र समावेश गरी भेरिएसन गरेको देखिन्छ । पालिकाले प्राविधिक पुस्टंयाई र प्रतिवेदनका आधारमा आवश्यक परिमाण भेरिएसन गरेरमात्र निर्माण कार्य गर्ने गराउने र सोका आधारमा भुक्तानी गर्नेतर्फ ध्यान जानु पर्दछ ।

आईटम नं.	विवरण	शुरु परीमाण	भुक्तानी परीमाण	बढी । घटी परीमाण	दर	रकम
६	१०० mm breath slope area ९८ degree tickness	४३६१ के.जी.	१४५९.२४	-२९०१.७६	१५०	४३५२६५
७	M/s pipe cutting welding fitting enamel colouring works	५८३०. ३७ के.जी.	१०३३९.९५	४५०९.५८	१६०	७२१५३२.८
					जम्मा	११५६७९७.८
					१३ % VAT	११५०३८३.७१
					जम्मा	२३०७१८१.५१

७५ **मृत्यू पछिको भुक्तानीः**

सामाजिक सुरक्षा वितरण कार्यविधि, २०७७ को दफा १५ अनुसार भत्ता खाईपाई आएको कुनै लाभग्राहीको मृत्यू भएमा मृत्यू भएको दिनसम्मको मात्र भत्ता निजको हकवालालाई भुक्तानी दिन सकिने व्यवस्था छ । पालिकाबाट देहायबमोजिमका व्यक्तिहरुलाई मृत्यू भए पश्चात समेत सामाजिक सुरक्षा भत्ता रु. वितरण भएको देखिन्छ । निम्नानुसारका बैंक मार्फत वितरण भएको देहाय बमोजिमको भूक्तानी रु. १४८०० लेखापरीक्षण अवधि सम्म फिर्ता गरेको देखिएन उक्त रकम असुल गरी संघीय सञ्चित कोष दाखिला हुनुपर्ने रु.,

क्र.स	नामथर	वडा नं	व्यक्तिगत परिचयपत्र नं	बैंक शाखा		बढि गएको रकम
१	हर्क मति राई	१	२०००१२३०००८८५	प्राइम बैंक, रोङ	१०४००१७४A७	१२८००
२	डोर माया बस्नेत	२	१९९४१२३००१०८	एनआइएमबी बैंक, रोङ	१०७००५००२०६२९	२०००
जम्मा						१४८००

असुल गर्नुपर्ने	१४,८००

७६ **त्रैमासिक वितरण -**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तर्फ ६ वडाका लाभग्राहीको खातामा भत्ता रकम जम्मा गर्न बैंक मार्फत प्रथम त्रैमासिकमा रु. ३१७८१६११, दोस्रो त्रैमासिकमा रु.३२००३८३३ तेस्रो त्रैमासिकमा रु. ३२३१७२२६ र चौथो त्रैमासिकमा रु.३२६८४८२९ समेत रु. १२८७८७४९९ निकासा गरेको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन् ।

वडा नं.	प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा खर्च
१	३३९२१३४	३४२१८९६	३४४११६१	३५५९६५८	१३८१४८४९
२	४०८११९६	४१३४१३५	४१२४५४७	४१९१७६५	१६५३१६४३
३	६९५७२८०	६९७६६००	७०९२५२०	७१५८२३६	२८१८४६३६
४	५१२४९४०	५११४२६०	५१५६९००	५१९६७७०	२०५९२८७०
५	५१९२४६७	५२५५९८०	५३४३२६५	५४०१७०४	२११९३४१६
६	७०३३५९४	७१००९६२	७१५८८३३	७१७६६९६	२८४७००८५
जम्मा	३१७८१६११	३२००३८३३	३२३१७२२६	३२६८४८२९	१२८७८७४९९

७७ **लाभग्राही -**

नेपालको संविधान बमोजिम नेपाल सरकारले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आँफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षाको प्रत्याभुतिको लागि ज्येष्ठ नागरिक (६८ वर्ष उमेर पुगेका), ६० वर्ष उमेर पुगेका साविक कर्णालीका जिल्लाहरुका नागरिक र देशभरीका दलित नागरिक अन्य जेष्ठ नागरिक, ज्येष्ठ नागरिक एकल महिला, विधवा, पूर्ण अपाङ्गता भएका, अति अशक्त अपाङ्गता, लोपोन्मुख आदिवासी/जनजाति र नेपाल सरकारले तोकेको क्षेत्र तथा जिल्ला र देशभरिका दलित परिवारका पाँच वर्ष उमेर ननाघेका बालबालिकालाई नेपाल सरकारले निर्धारण गरेबमोजिम त्रैमासिक रुपमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ । पालिकाले पेश गरेको विवरण अनुसार लक्षित समूह अनुसार गत आ.व.मा अन्तिम त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता वितरण गरेका लाभग्राहीहरु संख्याभन्दा यस आर्थिक वर्षको अन्तिम त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता वितरण गरेका लाभग्राहीहरु ४६ जनाले वृद्धि भएको देखिन्छ। यस आर्थिक वर्षमा ६ वटा वडामा १ बैंक मार्फत रु. १२८७८७४९९ सामाजिक सुरक्षा भत्ता वितरण गरी खर्च लेखेको छ । गत आ.व. र यस आ.व.को अन्तिम त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता वितरण गरेका लाभग्राहीहरुको संख्या यस प्रकार रहेको देखिन्छ:

लाभग्राहिको विवरण	२०७९/८० को अन्तिम त्रैमासिक		२०८०/०८१ को अन्तिम त्रैमासिक		२०८१/८२ को अन्तिम त्रैमासिक	
	वितरण गरेको संङ्ख्या	वितरण गरेको रकम	वितरण गरेको संङ्ख्या	वितरण गरेको रकम	वितरण गरेको संङ्ख्या	वितरण गरेको रकम
अन्य जेष्ठ नागरिक भत्ता	१०५४	१२५९०७०९	१३०८	१५५९४६४०	१३४७	१६०४५५६८
जेष्ठ नागरिक भत्ता (दलित)	६०	४७८८००	६५	५१६०४०	६९	५३७३२०
जेष्ठ नागरिक एकल महिला	१३८	१०९३२६०	१३१	१०३४७४०	११८	९३८९८०
विधवा	१७३	१३६१९२०	२०५	१६२५२६०	२२२	१७५५६००
पूर्ण अपाङ्गता भत्ता	२६	२९५७९२	३६	४०६९८०	४४	५१०७२०
अति अशक्त अपाङ्गता भत्ता	९३	५८९४५६	११२	६९३७२८	११३	७१५००८
लोपन्मूख बालबालिका	१	११९७०	०		०	०
दलित बालबालिका	५०	७७५४०	६४	९७९०१	५९	९१९३३
लोपन्मुख जाति	९४६	११३०३६७०	१०१८	१२१५७५३०	१०१२	१२०८९७००
जम्मा	२५४१	२७८०३११७	२९३८	३२१२६८१९	२९८४	३२६८४८२९

७८ **कुटिडाँडा सार्वजनिक शौचालय निर्माण -**

ठेक्का नं २०-२०८०।८१ कुटिडाँडा सार्वजनिक शौचालय निर्माण गर्ने कार्यको लागी प्रविन निर्माण सेवासंग २०८० फाल्गुण १० मा २०८१ वैशाख ३१ भित्र सम्पन्न गर्ने गरी रु. २९,३१,५४२।३६ (मु.अ.कर र पि.एस समेत) को ठेक्का सम्झौता भएकोमा यस सम्वन्धमा देखिएका थप बेहोराहरु निम्नानुसार छन् ÷

७८.१ **म्याद थप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(क) मा नियम १२० मा उल्लेख भए बाहेक (क) नेपाल सरकार, मन्त्रिपरिषद् वा सार्वजनिक निकायबाट जुनसुकै कारणले खरिद सम्झौताको कार्यान्वयन स्थगन भएका, (ख) वार्षिक बजेट तथा कार्यक्रममा बजेट विनियोजन हुन छुट भएका, (ग) बजेट अपुग भई समयमा भुक्तानी हुन नसकेका (घ) खरिद सम्झौताका सर्तहरूमा उल्लिखित कम्पेन्सेशन इभेन्ट्समा उल्लेख भएका अन्य कारण मध्ये कुनै कारणले तोकिएको म्यादभित्र खरिद सम्झौता बमोजिमको कार्य सम्पन्न हुन नसकी अधुरो रहेका तर खरिद सम्झौताको म्याद सकिएका वा म्याद थप हुन नसकेका खरिद सम्झौताको हकमा सम्बन्धित निर्माण व्यवसायीले पेस गरेको कार्यतालिका बमोजिम कुन, कुन काम के, कस्तो कारणले हुन नसकेको हो, सोको पुष्ट्याईं सहित निवेदन दिएमा सार्वजनिक निकायले म्याद थप गर्न सक्ने ब्यवस्था छ। शौचालय निर्माण कार्यको सम्झौता अवधिमा कुनै काम नभई निर्माण ब्यवसायिले २०८२।१।१७ मा म्याद थपको निवेदन दिएको र २०८२।१।२१ को कार्यपालिकाले नियम १२०(क) वमोजिम २०८२।१।३० सम्म म्याद थप गर्ने निर्णय गरेको तथा सोही निर्णयको आधारमा वास्तविक कारण नजनाई बन्द , हड्ताल, बेमौशमी वर्षात, वजेट अभाव जस्ता कारण जनाई सम्झौता अवधिको ४४५ प्रतिशत म्याद थप भएको देखिन्छ। समयमा कार्य सम्पन्न गर्ने गरी ठेक्का ब्यवस्थापन गर्नुपर्दछ।

७८.२ **बिमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा बीस लाख रुपैयाभन्दा बढि मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यववसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेशिन औजार तथा प्लाण्ट र निर्माण कार्यको पुर्ण प्रतिस्थापन खर्चको बीमा गराउनु पर्ने तथा त्यसरी गर्ने बिमाको अवधि त्रुटी सच्याउने अवधि बराबरको हुनुपर्ने व्यवस्था छ। निर्माण ब्यवसायिले उक्त निर्माण कार्यको वीमा गराएको पाईएन ।अत नियमानुसार बीमा गराई जोखिम व्यवस्थापन गर्नु गराउनु पर्दछ।

७९ **पूर्व निर्धारित क्षतिपुर्ती -**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ मा खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शुन्ना दशमलब शुन्ना पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ ।देहायको निर्माण व्यवसायी सँग भएको सम्झौता बमोजिमको निर्माण कार्य ढिला गरेकोले पूर्व निर्धारित क्षतिपुर्ती असुल गर्नुपर्ने रु.

ठेक्कानं.	निर्माण व्यवसायीको नाम	निर्माण कार्य	सम्झौता रकम (मू.अ.कर रकम)	सम्पन्न गर्नुपर्ने मिति	सम्पन्न मिति	ढिला दिन	रकम
२०८१/८२-०४	भद्रकाली माता निर्माण सेवा	हाँस पोखरी मझुवा सारुपाखा मुर्जुङ्गे नाखोमा	५१३१०७१	०२/२१/२०८२	०२/२७/२०८२	६	१५३९२
						जम्मा	१५३९२
						असुल गर्नुपर्ने	१५,३९२

८० **ठेक्का नं.IRM/ILAM/NCB/WORKS/२०८१-८२/०३ नमुना शान्ति निकेतन मा.वि. विद्यालय निर्माण –**

नमुना शान्ति निकेतन मा.वि. विद्यालय निर्माण (परानो भवन मर्मत लगायतको कार्य) का लागि लागत अनुमान रु.१ करोड ३६ लाख ९७ हजार ७९९ तयार भएकोमा उक्त निर्माण कार्यको विद्यालयको स्विकृत गुरुयोजना पेश नभएकाले स्विकृत गुरुयोजना बमोजिम खर्च भएको सम्बन्धमा यकिन गर्न सकिएन । उक्त निर्माण कार्यको लागि बिद्युतिय बोलपत्र आव्हान गरेकोमा न्यूनतम रु.९३ लाख ४ हजार ४३४ कबोल गर्ने निर्माण व्यवसायी आर.एन.कन्सट्रक्सन र पालिका बिच मिति २०८२-०२-२९ मा कार्यसम्पन्न गर्ने गरी २०८१-०८-२३ मा सम्झौता भई यो बर्ष रु.७७ लाख १ हजार १७४ भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन् -

भेरिएसन: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन जारी गर्दा प्राविधिक पुष्ट्याइँ समेत पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले नमुना विद्यालय निर्माण कार्यको लागि आर.एन.कस्ट्रक्सन प्रा.लि.सँग रु.९३,०४,४३४ (मूल्य अभिवृद्धी कर समेत) मा सम्झौता गरेकोमा निर्माण कार्यको प्रथम पटक भेरिएसन गरी सम्झौता रकम रु.७७,०१,१७४ (मुअकर समेत) कायम भएको देखिन्छ । उक्त भेरिएसन आदेश जारी गर्दा पालिकाले कानुन बमोजिम निर्माण कार्य गर्नुपूर्व प्राविधिक कारण र पुस्टंयाई संलग्न वेगर विल विजकको नापी गरे पश्चात विओक्यु परिमाण भन्दा वढि नापी भएको परिमाणलाई भेरिएसन गरी सम्झौता रकम वृद्धि गरेको देखिन्छ। पालिकाले भेरिएसन गर्दा लागत अनुमान गर्दा अनुमान गर्न नसकिने आइटममा मात्र भेरिएसन गर्नुको प्राविधिक प्रतिवेदनका आधारमा गर्नुपर्नेमा सो विपरीत भुक्तानीका समयमा वढि परिमाणलाई भेरिएसन गरी भुक्तानी गरेको मनासिव देखिदैन। यसरी भेरिएसन गर्दा वृद्धी भएको परिमाणलाई मात्र समावेश गरी भेरिएसन गरेको देखिन्छ । पालिकाले प्राविधिक पुस्टंयाई र प्रतिवेदनका आधारमा आवश्यक परिमाण भेरिएसन गरेरमात्र निर्माण कार्य गर्ने गराउने र सोका आधारमा भुक्तानी गर्नेतर्फ ध्यान जानु पर्दछ ।

८१ **उपभोक्ता समिति मार्फत बहुबर्षिय कार्य –**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट गराउन सकिने छैन । कुनै कारणवश सो समिति आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाई दिनु पर्नेछ । त्यसरी सूचना प्राप्त भए पछि सार्वजनिक निकायले सो सम्बन्धमा आवश्यक जाँच गरी सो समितिसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र यस नियमावली बमोजिम गराउनु पर्ने व्यवस्था छ । लागत अनुमान रु.६५ लाख ६२५ रहेको रोङ कृषि बजार तथा स्टल निर्माण कार्यक्रमको लागि उपभोक्ता समिति सँग गाउँपालिकाले बेहोर्ने

रु.५८ लाख ५५ हजार र उपभोक्ताको साझेदारी रु.६ लाख ४५ हजार १२५ रहने गरी मिति २०८१-०३-२४ मा कार्यसम्पन्न गर्ने गरी मिति २०८१-०२-०३ मा सम्झौता गरेकोमा पूर्व निर्धारित क्षतिपुर्ती लिने गरी तेस्रो पटक २०८२-०१-१५ सम्म म्याद थप भएकोमा मिति २०८२-०१-२४ मा कार्य सम्पन्न पश्चात पूर्व निर्धारित क्षतिपुर्ती रु.७९ हजार १५७ कट्टा गरी कार्यसम्पन्न पश्चात रु.५५ लाख ४ हजार ६०८ भुक्तानी भएको देखियो । नियम वेगर उपभोक्ता समितिलाई म्याद थप गरि कार्य गरेको मनासिब देखिएन ।

८२ **बिशेष अनुदान बहुवर्षिय योजना ठेक्का नं.RRM/ILM/NCB/Works/२०८०-८१/१९ - कृषि उपज प्रशोधन केन्द्र भवन रोड ६**

कृषि उपज प्रशोधन केन्द्र भवन रोड ६ निर्माण कार्यको लागि लागत अनुमान रु.५४ लाख ५५ हजार ६५९ रहेकोमा विद्युतिय बोलपत्र आव्हान गरेकोमा रु.३४ लाख ८३ हजार ७२७ मा न्यूनतम कबोल गर्ने देउँसाली निर्माण सेवा सँग मिति २०८१-०१-३१ सम्म कार्य सम्पन्न गर्ने गरी मिति २०८०-११-१४ मा सम्झौता भएकोमा दोस्रो पटक म्याद थप पश्चात मिति २०८१-०४-३० मा यो बर्ष कार्यसम्पन्न पश्चात रु.१७ लाख २० हजार १६९ भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन् -

गत बर्षको भुक्तानी – बिशेष अनुदान मार्फत प्राप्त रकम बहुवर्षिय रुपमा खर्च गर्ने प्रावधान रहेको देखिदैन् । पालिकाले गो.भौ.नं.६०। २०८२-०३-१९ बाट संघीय सरकार हस्तान्तरित बिशेष अनुदान अन्तर्गत गत बर्षको कार्य गरी खरिद सम्झौताको म्याद थप पश्चात लोपन्मुख, आदिवासी, जनजाति, दलित, सिमान्तकृत वर्ग विशेष कृषि उपज प्रशोधन केन्द्र वडा नं.६ मा निर्माण कार्य वापत देउँसाली कन्स्ट्रक्सन एण्ड रियल स्टेट प्रा.लि.लाई मिति २०८१-०४-३० मा प्राविधिक मूल्यांकन गरी मिति २०८२-०३-२९ मा रु.१७,२०,१६९ भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१७,२०,१६९

८३ **अध्यक्षसंग बिद्यार्थी कार्यक्रम** -

कार्यक्रम कार्यान्वियन कार्यविधि तथा मापदण्ड तयार गरी सो अनुसार कार्यक्रम गर्नुपर्दछ। पालिकाले अध्यक्षसंग बिद्यार्थी कार्यक्रम अन्तर्गत भौं.नं. ३७३-२०८२।३।२५ वाट १५ जना बिद्यार्थीलाई रुं. ५,००,०००।– छात्रवृत्ती दिएकोमा बिद्यार्थी छनौट तथा बितरणको निश्चित कार्यबिधि तथा मापदण्ड वेगर बिद्यार्थीको निवेदनको आधारमा कार्यपालिकाको निर्णयवाट २०,०००।–देखि ६०,०००।- सम्म भुक्तानी गरेको देखियो। गरिव, जेहेन्दार तथा उत्कृष्ट नतिजा ल्याउने बिद्यार्थीलाई शिक्षण शुल्क तथा पाठ्य सामाग्री खरिदको रसिद तथा वील अनुसारको भुक्तानी गर्ने लगायतका मापदण्ड तयार गरी सो अनुसार छात्रवृत्ती कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ।

८४ **७ नं. गोलाई मार्से सिम्ले सडक** -

ठेक्का नं १-२०८०।८१ सात नं. गोलाई मार्से-सिम्ले सडक रोड्-३ निर्माण गर्ने कार्यको लागी एभरग्रिन-कन्काई जे.भी. संग २०८१ पौष १ मा ६ भित्र सम्पन्न गर्ने गरी रु. २,३०,३४,७१९।३ (मु.अ.कर र पि.एस समेत) को ठेक्का सम्झौता भएकोमा यस सम्वन्धमा देखिएका थप बेहोराहरु निम्नानुसार छन् ÷

निर्माण कार्य - यस योजनाको विस्तृत परियोजना प्रतिवेदनमा ७ नं. गोलाई देखि सिम्ले सडक खण्ड २९००० मिटर लम्वाई ११ मिटर चडाईमा Carriage way ७ मिटर चौडा, Shoulder दुवै तर्फ १-१ मिटर, सडकको सवग्रेड र सववेसको Thickness ०.२ मिटर तथा वेसकोर्षको Thickness ०.१७५ मिटर रहने तथा Double Coat DBSD कालोपत्रे गर्ने उल्लेख छ। यस वर्ष संघीय समपुरक अनुदान मार्फत उक्त योजनाको ठेक्का ब्यवस्थापन गरिएकोमा सडक कटिङ् , ग्याबियन जाली, ह्युमपाईप जडान , कच्ची तथा प्लम्प क्रंक्रिट ड्रेन निर्माण, ७०८० मिटर लम्वाई ५ मिटर चौडाईमा ०.१५ मिटर ग्रावेल गर्ने गरी स्पष्ट चेनेज नखुलाई रु. ४,४७,४३,५१०।– को लागत अनुमान वनाई ठेक्का सम्झौता गरेको देखियो। पेश नापी किताव अनुसार बिभिन्न स्थानमा ३३१५ मिटर प्लम्प ड्रेन निर्माण गर्ने गरी लागत अनुमान तयार गरिएकोमा २६९४ मिटर निर्माण गरिएको प्लम्प वाल निर्माण गर्ने लागत अनुमान नभएकोमा प्लम्प रिटेनिङ वाल निर्माण गरिएको ७८६८ मिटर ४.८० मिटर चौडाईमा ०.१५ मिटर ग्रावेलको कार्य भएको पाईयो। विस्तृत परियोजना प्रतिवेदन अनुसारको लागत अनुमान तथा निर्माण कार्यमा फरक नपर्ने गरी निर्माण सम्पन्न गर्नुपर्ने तथा स्वीकृत विस्तृत परियोजना प्रतिवेदनमा उल्लेख भएभन्दा फरक किसिमले निर्माण कार्य गर्नुपरेमा प्राबिधिक पुष्ट्याई सहित डिजाईन स्वीकृत गराई निर्माण कार्य गर्नुपर्दछ।

८५ **चेनेज ओपरल्याप** –

सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२३(१) मा सार्वजनिक निकायले खरिद सम्झौताको आधार नापी किताब, रनिङ बिल संलग्न गरी भुक्तानी गर्नुपर्ने साथै दफा १२५ मा प्राविधिक कार्यसम्पादन मूल्याकंनका आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ। हर्कटे दैले जौवारी कुवापानी लिम्बुगाउँ पाखागाउँ लामिटार सेङलेङटार सडक (प्रदेश समपुरक अनुदान) ठेक्का नं. RRM/ILM/NCB/Works/०८१/८२-१४ को निर्माण व्यवसायी दुर्गादेवी निर्माण कम्पनी प्रा.लि.लाई कार्यसम्पन्न पश्चात गो.भौ.नं.३५।२०८२-०३-१७ (प्रदेश सरकार हस्तान्तरित कार्यक्रम पूँजीगत) बाट अन्तिम बिलको रु.८,७३,००३ भुक्तानी गर्दा आइटम नं.७ सब-बेस कार्यको चेनेज ७+३७० ओभरल्याप गरी रु.११०० का दरले २३.५ घन.मि.को भुक्तानीको भएको रकम रु.२५४१० असुल गरी संघीय सञ्चितकोष दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२५,४१०

८६ **नमुना विद्यालय-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा सङ्घीय सञ्चित कोषबाट हस्तान्तरण भएको सशर्त, समपुरक र विशेष अनुदानको रकम सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको अवस्थामा उक्त रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ। केन्द्रबाट छनौट भएका नमुना विद्यालयको स्वीकृत गुरुयोजना अनुरुप भौतिक पुर्वाधार नमुना विद्यालय निर्माणको लागि सशर्त अनुदान वापत प्राप्त रकम मध्ये बचत रकम गो.भौ.नं.८२।२०८२-०३-२५ बाट श्री शान्ति निकेतन मा.वि.को खातामा रु.२२,९८,८२४ निकासा गरी खाता रोक्का राखेको रकम स्विकृत गुरुयोजना अनुसार खर्च भएको आवश्यक प्रमाण पेश गर्नुपर्ने अन्यथा संघीय सञ्चितकोष फिर्ता गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२२,९८,८२४

८७ **ठेक्का अभिलेख** -

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशनलगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

८८ **सवारी साधन खरिद** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन (अर्थ मन्त्रालयवाट जारी स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५) समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नुपर्नेमा केन्द्रीय/प्रदेश सरकारको वित्तीय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन ।यस वर्ष गाउँपालिकाले निम्न अनुसार रु. २७,६२,१००।– को ९ थान मोटरसाईकल खरिद गरी भुक्तानी गरेको मनासिब देखिएन । पालिकाले निर्देशिका तथा परिपत्र वमोजिम आन्तरिक श्रोतवाट वेहोर्ने गरी सवारी साधन खरिद गर्नुपर्दछ।

क्र.सं.	भौ. नं.	सवारी साधन	संख्या	रकम
१	१७४-२०८२।२।८	मोटरसाइकल	९	२७६२१००

८९ **बोलपत्रको मुल्याङ्कन** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ को उपनियम २ मा बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्रदाताले सन्तोषजकरुपमा कार्य गर्न नसक्ने गरी न्यून रकम कबोल अङ्क उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेशिफिकेसन गलतरुपमा बुझि वा नबुझि अस्वभाविक न्यून कबोल अङ्क उल्लेख गरेको छ छैन भन्ने कुरा बोलपत्र मूल्याङ्कन समितिले जाँच गर्नुपर्दछ । त्यसरी न्यून कबोल अङ्क उल्लेख गरेको अवस्थामा त्यस्तो बोलपत्रदातासँग दर विश्लेषण सहित स्पष्टिकरण माग गर्नुपर्दछ । मूल्याङ्कन समितिले मागेको स्पष्टिकरण

सन्तोषजन भएमा त्यस्तो बोलपत्रदातासँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबर थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्न सिफारिस गर्ने र स्पष्टिकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सार्वजनिक निकायलाई सिफारिस गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष ठेक्का व्यवस्थापन भएका निम्नानुसार निर्माण कार्यको लागत अनुमानको ५४ प्रतिशत देखि ३२ प्रतिशत सम्म घटेर कबोल अङ्क प्रस्ताव गरी बोलपत्र पेश गरेको छ। लागतमा तोकिएको गुणस्तरमा र तोकिएको पारिमाणको कार्य हुन सक्ने अवस्था स्वभाविक नदेखिदा समेत बोलपत्र मूल्याङ्कन समितिले नियममा भएको व्यवस्था अनुसार दर विश्लेषण सहित स्पष्टिकरण माग गरेको देखिएन। साथै कार्यसम्पादन जमानत समेत तोकिए बमोजिम थप माग नगरी बोलपत्र स्वीकृत गरी सम्झौता गरेको देखियो। लागत अनुमानभन्दा अस्वभाविक न्यून कबोल अङ्क प्रस्ताव भएको अवस्थामा नियममा भएको व्यवस्थाको अनुसरण गरी ठेक्का व्यवस्थापनमा आइपर्ने सम्भाविक जोखिम व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

ठेक्का नम्वर	योजनाको नाम	बोलपत्र बिक्री संख्या	लागत अनुमान	स्वीकृत रकम	लागत अनुमानका तुलनामा घटी प्रतिशत
RRM/ILAM/NCB/WORKS/2078/079-20	Construction of Chief Administrative Office	१५	६९९७९९१०.०९	४४,९७७,१४०.८२	३५.७३%
RRM/ILAM/NCB/WORKS/2081/82-01	Sat no golai Marse simle sadak	५	३९३६९७९८.६८	२०,१४८,४७९.४९	४८.८२%
RRM/ILAM/NCB/WORKS/2081/82-02	Harkate Daile Jaubari Kuwapani Lamitar senglatar	८	९४३६१६१.५३	४,७७८,०५२.००	४९.३६%
RRM/ILAM/NCB/WORKS/2081/82-03	Construction works of Namuna Bidhyalaya Tatha Bises Bidyalayako Bhawan Tatha Purbadhar Byabsthapan Anudan	११	१२०३२२७६.०९	८१४४४४८.८८	३२.३१%
RRM/ILAM/NCB/WORKS/2081/82-05	Krishi Upaj prasodhan Kendra Bhawan Nirman Rong- ०१	१०	८४५९३२९.५५	५४४०१३९.२	३५.६९%
RRM/ILAM/NCB/WORKS/2081/82-06	Krishi Upaj Prasodhan Kendra Bhawan Nirman Rong- ०६	८	७३९४६१८.४	५००८०६३.२	३२.२७%
RRM/ILAM/NCB/WORKS/2081/82-09	Digo Sadak Yojana Rong १ & २	४	७२४४७३२.६८	३,६३१,७३०.००	४९.८७%
RRM/ILAM/NCB/WORKS/2081/82-11	Digo sadak Bbikash Yojana rong - ६	४	६०५२८०५.०८	२,७७५,५८३.००	५४.१४%
RRM/ILAM/NCB/WORKS/2081/82-13	Digo sadak Bikash Yojna - ३ & ४	३	५५२६७८९.९	३,३८९,७१३.४५	३८.६७%
RRM/ILAM/NCB/WORKS/2081/82-14	Harkate Daile Jaubari Kuwapani Lamitar sadak Phase II	४	२४३२६७२.५६	१,६५९,५१४.५०	३१.७८%
RRM/ILAM/NCB/WORKS/2081/82-15	Sat no Golai phase ii	५	८६७८६७५.९३	५,५३८,३१७.००	३६.१८%
RRM/ILAM/NCB/WORKS/2081/82-16	Kutidada and Haspokhari Butification Structural Works	६	६५३५७५२.९५	४,०३६,०५१.७५	३८.२५%
RRM/ILAM/NCB/WORKS/2081/82-17	Pathivara Manidir Retaining Wall	२	७०२५५७५.५	४,३४५,८२०.००	३८.१४%

९० **सानासिंचाई कार्यक्रम -**

सार्वजनिक खरिद नियमावलीको नियम ९७ को नियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन, बिल भर्पाई र खर्च प्रमाणीत गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठक बाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । साना सिंचाई आयोजना सञ्चालनार्थ नेपाल सरकार र स्वीस सरकार बिच भएको सम्झौतामा कुल लागत अंकको २० प्रतिशत, २० प्रतिशत, २० प्रतिशत, ३० प्रतिशत र १० प्रतिशत क्रमशः नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, स्वीस सरकार र उपभोक्ता समितिले व्यहोर्ने उल्लेख छ । यो बर्ष पालिकाले साना सिंचाई आयोजनाहरु निर्माण गरि सम्झौता अनुसार उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा आनुपातिक अनुपात मिलान नगरेको रकम मिलानको प्रमाण पेश गर्नुपर्ने रु.

क्र. सं.	सिचाई योजनाको नाम	जम्मा रकम	स्वीस	संघ	प्रदेश	स्थानीय
१	पाटापुर सिचाइ योजना		०	०	०	९८८४३०.
२	कालिटार नयाँ प्रविधिमा आधारित सिचाई		०	१४९२०००.	८१७२२९.६	७५००८०.
३	लामीटार सिचाई योजना		०	०	०	०
४	झटारे सिचाई योजना		२५७४७६.४	१७१६५०.६	१७१६५०.६	१६६१८९.
५	तेलपानी खोला सिचाई		५८५५८२.	०	०	०
६	नाखोपा सिचाई योजना		९२८०९६.	०	०	०
७	रम्भ्याङ आहाले सिचाई योजना		१९२१८६.६	१८००००.	५१७१९९.४६	०
	खुद भएको	८०१९७४४.७३	१९६३३४१.	१८४३६५०.६	१५०६०७९.६६	१९०४६९९.
	हुनुपर्ने स्रोत मिलान	८०१९७४४.७३	२४०५९२३.४२	१६०३९४८.९५	१६०३९४८.९५	१६०३९४८.९५
		बढी	४४२५८२	२३९७०१		

प्रमाण पेश नगरेको	६,८२,२८३

९१ **निर्माण कार्य समयमा सम्पन्न नभएको -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा खरिद समझौताको शर्त वमोजिम खरिद सम्झौता कार्यान्वयन गर्नु गराउनुपर्ने ब्यवस्था छ। निर्माण ब्यवसायीसंग भएको सम्झौता अनुसार निर्माण कार्य तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ। पालिकावाट ठेक्का सम्झौता भएका देहायका निर्माण कार्यको श्रोत सुनिश्चित नभएको सालवसाली योजना समयमा सम्पन्न नभई चालु आर्थिक वर्षमा सम्पन्न गर्ने गरी म्याद थप भएको पाईयो। सालवसाली योजनाहरु सोही आर्थिक वर्षमा सम्पन्न गर्ने गरी ठेक्का ब्यवस्थापन गर्नुपर्दछ।

ठेक्का नं.	निर्माण ब्यवसायी	सम्झौता रकम	सम्झौता मिति	शुरु सम्झौता म्याद	म्याद थप	म्याद थप प्रतिशत	यस आ.व. सम्मको बित्तिय प्रगती
१३-२०८१।८२ दिगो सडक विकास योजना रोड ३र ४	रोवष्ट क्रन्सट्रक्सन प्रा.ली.	३८८८६४२।९४	२०८१।१२।६	२०८२।२।३०	२०८२।८।३० सम्म	२०७	४५.३८
९-२०८१।८२ दिगो सडक विकास योजना रोड १ र २	जलेश्वर निर्माण सेवा प्रा.ली.	४१६४६६५।०८	२०८१।१२।१३	२०८२।२।३०	२०८२।८।३० सम्म	२२५	६६.७५

९२ **बिमा -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा दश लाख रुपैयाभन्दा बढि मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यववसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेशिन औजार तथा प्लाण्ट र निर्माण कार्यको पुर्ण प्रतिस्थापन खर्चको बीमा गराउनु पर्ने व्यवस्था छ। त्यसरी गर्ने बिमाको अवधि त्रुटी सच्याउने अवधि बराबर अवधिको हुनुपर्ने व्यवस्था छ। ठेक्का नं. १३-२०८१।८२ दिगो सडक विकास

योजना रोङ ३र ४ को २०८२।८।३० सम्म म्याद थप भएकोमा वीमाको म्याद २०८२।६।१८ सम्म भएकोमा पाईयो। अत नियमानुसार बीमा गराई जोखिम व्यवस्थापन गर्नु गराउनु पर्दछ।

९३ **डी पि आर निर्माण** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा सभाबाट स्वीकृत बजेट खर्च गर्दा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष पुनः निम्नानुसार रू.१४,९५,१८७ को डि पि आर तयारीमा बजेट खर्च गरेको देखियो । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै कार्यान्वियन नहुने कार्यमा डिपिआर तयार गर्ने र समयमा कार्यान्वियनमा नआउदा मुल्यवृद्धि तथा अन्य पारिस्थितिजन्य परिवर्तनका कारण औचित्य समेत समाप्त हुन सक्ने सम्भावना भएकोले कार्यान्वियन हुने तथा खरिद व्यवस्थापन हुन सम्भव भएका कार्यमा मात्र डिपिआर निर्माणमा खर्च गर्नुपर्दछ ।

सि.नं.	कार्यक्रमको नाम	परामर्शदाता	स्वीकृत बजेट	खर्च रकम	अध्ययनवाट निर्धारण भएका आयोजनाको लागत
१	विद्यालयको पुननिर्माण सम्बन्धी विस्तृत परियोजना प्रस्ताव	फाइनर इन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि	१५०००००	१४९५१८७	२१५१५५६१३

९४ **यन्त्र उपकरण सञ्चालन** -

यस पालिकामा २ व्याकलोहोल्डर, १ एक्जाभेटर रहेकोमा उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विश्लेषण समेत गरेको पाइएन । उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

९५ **जिन्सी व्यबस्थापन** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• जिन्सी निरीक्षणको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ । केहि उदाहरण -

सि.नं.	सामाग्रीको नाम	मर्मत गर्नुपर्ने संख्या	लिलाम गर्नुपर्ने संख्या
१	मोटरसाइकल	१	
२	टेलिभिजन	१	
३	डिजिटल क्यामेरा	२	
४	डेक्सटप कम्प्युटर	६	
५	मोबाइल	१०	
६	टेवल	१२	
७	जिपिएस मेसिन	१	
८	इन्भटर	१	
९	इन्भटर व्याट्री		१
१०	प्रिन्टर स्कायानर		१
११	लङ्ग बेन्च काठको		४
१२	घुम्ने कुर्सी	२	३

९६ **जिन्सी मौज्दात जिम्मेवारी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४. को उपनियम (३) मा जिन्सी मालसामान तथा तत् सम्बन्धी श्रेस्ता भण्डार शाखा प्रमुखको जिम्मामा रहने, नियम ९५.(२) मा सम्पत्ति तथा जिन्सी मालसामानको लगत तयार गर्ने र लगत बमोजिमको सम्पत्ति तथा जिन्सी मालसामान कार्यालय प्रमुखको रेखदेखमा भण्डार शाखा प्रमुखले जिम्मा लिनुपर्ने उल्लेख छ। विगतमा जिन्सी सामाग्री तथा सम्पत्तिको अभिलेख व्यवस्थापनको लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को version 1 लागु भएको आर्थिक बर्ष २०८१।८२ बाट PAMS version 2 (PAMS V2) लागु भएकोले आर्थिक वर्षको अन्त्यमा PAMS version 1 मा बाँकी रहेको जिन्सी सामाग्रीको मौज्दात version 2 मा जिम्मेवारी सार्नुपर्नेमा खर्च भएर जाने र नजाने जिन्सी सामानको जिम्मेवारी सार्नु पर्नेमा PAMS V1 को पासवर्ड कार्यालयले उपलब्ध नगराएकोले सो सम्बन्धमा यकिन गर्न सकिएन । जिम्मेवारी नसार्दा जिन्सी सामानको उच्चतम सदुरुपयोग हुन नसक्ने अबस्था रहने हुँदा सबै जिन्सी सामानको जिम्मेवारी सार्नुपर्दछ ।

९७ **ईन्धन खर्च** -

अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०८१ मा सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई सोही अनुसार विभिन्न परिमाणमा ईन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार २ पाङ्ग्रे ३२ थान, जिप २ थान, व्याकहोल्डर २, एक्जाभेजर १ थान रहेकोमा इन्धन कार्यालय प्रयोजन शीर्षकमा रू.१२,४४,०३९ इन्धन ब्याकहोल्डर शीर्षकमा रु.७४,४८,२३३ गरी जम्मा रू.८६,९२,२७२ इन्धनमा खर्च गरेको छ। सवारी साधन प्रयोग गर्ने पदाधिकारीहरुले प्रयोग गरेको ईन्धनको अभिलेख, ब्याकहो लोडर, एक्जाभेजर जस्ता मेशिनको प्रयोग अवधि र उक्त मेशिनहरुले खपत गर्ने ईन्धनको मापदण्ड समेत नबनेकोले ईन्धन खपतको वस्तुगत परीक्षण गर्न सकिने अवस्था देखिएन। ईन्धन खपत सम्बन्धमा Public Asset Management System (PAMS) को पूर्णरुपमा प्रयोग गरी इन्धन खर्चको व्यवस्थित अभिलेखाङ्कन गरी ईन्धन खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ।

९८ **मर्मत सम्भार खर्च** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रीया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। त्यसै गरी म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण

अनुसार पालिका अन्तर्गत २ पाङ्ग्रे ३२ थान, जिप २ थान, व्याकहोल्डर २, एक्जाभेटर १ थान रहेको देखियो। उल्लिखित सवारी साधन २ पाङ्ग्रे मर्मतमा रु.८ लाख ३६ हजार ४२१, चार पाङ्ग्रे मर्मतमा १० लाख ३७ हजार ५९८, व्याकलोहोल्डर, एक्जाभेटर मर्मतमा रु.२३ लाख ५६ हजार २३४ समेत रु.४२ लाख ३० हजार २५३ खर्च गरेकोमा मर्मत आदेश फारम, मर्मत सम्पन्न फारम, मर्मत अभिलेख खाता तयार नगरी खर्च लेखेको पाइयो। तोकिएका फारमहरुको प्रयोग नगर्दा मर्मत खर्चमा तोकिएको सीम भित्र रहेर खर्च भएको छ छैन यकिन गरेको छैन। मर्मतलाई मितव्ययी बनाउन तोकिएको ढाँचामा अभिलेखाङ्कन गरी अध्यावधिक गर्नुपर्ने तर्फ पालिकाको ध्यान दिनु पर्दछ ।

९९ **विविध खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्यसमेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष विविध खर्च वापत रू.३० लाख ८२ हजार ४०० र हिउँदे र बर्खे सभा सञ्चालनमा रु.३ लाख ३६ हजार ५८५ खर्च गरेको छ।उक्त खर्च आन्तरिक आय रु.२ करोड ४० लाख ४७ हजार को १४.२१ प्रतिशत रहेको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र विविध खर्च बीचमा आवश्यक तादम्यता मिलाई विविध खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : रोङ गाउँपालिका, इलाम , रोङ गाउँपालिका , इलाम

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	विनोद कुमार चौहान	२०८१-७-१२	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	अनिल तिखत्री	२०८०-५-२२	२०८१-८-३
लेखा प्रमुख	इन्द्र प्रसाद पोख्रेल	२०७७-१२-२२	२०८१-४-१५
लेखा प्रमुख	मनिष भट्टराई	२०८१-५-१६	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
३७४,२०७.६८	७,६५०,०६०	६,५२९,३०३	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१४,५५३,५७०.६८
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१४,५५३,५७०.६८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२७१३७५८६	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३३६७३०१४०	चालु खर्च	२७८९९४३३२
प्रदेश सरकारबाट अनुदान	३३४८३०००	पूँजीगत खर्च	१६५३६६१३०
राजश्व बाँडफाँट	८००००५३६	वित्तीय/अन्य व्यवस्था	१७८०८३०२९
आन्तरिक आय	२४०४७६९३		
अन्य आय	१४३०७०६३९.२९		
कुल आय	६१७३३२००८.२९	कुल खर्च	६२२४४३४९१
बाँकी मौज्दात		२२०२६१०३.२९	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		८,३०,३५,३०३.५९	०	८,३०,३५,३०३.५९	७,३२,२९,३१६.२९	०	७,३२,२९,३१६.२९
१३०००	अनुदान		३३,३४,९४,८४१.६६	०	३३,३४,९४,८४१.६६	३२,७१,३९,९८६.२७	०	३२,७१,३९,९८६.२७
१४०००	अन्य राजस्व		२,०८,५३,७४०.७९	०	२,०८,५३,७४०.७९	२,४०,६८,३२३.६३	०	२,४०,६८,३२३.६३
१५०००	विविध प्राप्ति		१,६८,४९१.००	०	१,६८,४९१.००	०	०	०
क	कुल जम्मा प्राप्ति		४३,७५,५२,३७७.०४		४३,७५,५२,३७७.०४	४२,४४,३७,६२६.१९		४२,४४,३७,६२६.१९
३	चालु		२७,८९,९४,३३२.००	०	२७,८९,९४,३३२.००	३१,१५,०९,८८५.९३	०	३१,१५,०९,८८५.९३
२१०००	पारिश्रमिक / सुविधा		१८,१९,२४,४४३.०५	०	१८,१९,२४,४४३.०५	१९,३१,८७,९९२.३६	०	१९,३१,८७,९९२.३६
२२०००	मालसामान तथा सेवाको उपयोग		८,७९,९२,८२४.५६	०	८,७९,९२,८२४.५६	८,१६,७०,७९४.१७	०	८,१६,७०,७९४.१७
२५०००	सहायता (Subsidy)		२९,९९०.००	०	२९,९९०.००	१,२७,३२,४८८.४०	०	१,२७,३२,४८८.४०
२७०००	सामाजिक सुरक्षा		८०,९७,०७४.३९	०	८०,९७,०७४.३९	३४,७६,३२५.००	०	३४,७६,३२५.००
२८०००	अन्य खर्च		९,५०,०००.००	०	९,५०,०००.००	२,०४,४२,२८६.००	०	२,०४,४२,२८६.००
४	पूंजीगत		१६,५३,४६,१३०.२४	०	१६,५३,४६,१३०.२४	१५,०२,५१,८२०.९७	०	१५,०२,५१,८२०.९७
३१११०	भवन तथा संरचना		३,८५,०४५.००	०	३,८५,०४५.००	१,७७,४४०.००	०	१,७७,४४०.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		६४,४१,४१३.००	०	६४,४१,४१३.००	१,०६,४०,९१९.००	०	१,०६,४०,९१९.००
३११३०	अन्य पूँजीगत		१,७३,८२,५८७.६७	०	१,७३,८२,५८७.६७	१,८८,६३,०८३.००	०	१,८८,६३,०८३.००

	खर्च							
३११४०	सुरक्षा उपकरण		२०,३६,२७१.००	०	२०,३६,२७१.००	१२,४२,२३०.००	०	१२,४२,२३०.००
३११५०	सार्वजनिक निर्माण		१२,७८,०१,०३५.४९	०	१२,७८,०१,०३५.४९	११,५२,६८,४८६.९७	०	११,५२,६८,४८६.९७
३११६०	निर्मितसरचनाको सुधार खर्च		०	०	०	४,९४,५९६.००	०	४,९४,५९६.००
३११७०	पूँजीगत सुधार खर्च		९९,९९,९९८.०८	०	९९,९९,९९८.०८	१६,७९,६४६.००	०	१६,७९,६४६.००
३१२२०	मौज्दात सामानहरु		१२,००,३४०.००	०	१२,००,३४०.००	१८,३५,५३५.००	०	१८,३५,५३५.००
३१३१०	बहुमूल्य सामानहरु		९९,४४०.००	०	९९,४४०.००	४९,८८५.००	०	४९,८८५.००
ख)	कुल जम्मा भुक्तानी		४४,४३,४०,४६२.२४		४४,४३,४०,४६२.२४	४६,१७,६१,७०६.९०		४६,१७,६१,७०६.९०
ग)	बचत /कमी (ग = क-ख)		(६७,८८,०८५.२०)		(६७,८८,०८५.२०)	(३,७३,२४,०८०.७१)		(३,७३,२४,०८०.७१)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)		८,२६,३६९.५३		८,२६,३६९.५३	३८,८१,७५८.५२		३८,८१,७५८.५२
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी					-७६,९९४.००		-७६,९९४.००
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		(५९,६१,७१५.६७)		(५९,६१,७१५.६७)	(३,३४,४२,३२२.१९)		(३,३४,४२,३२२.१९)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		२,७४,७७,८४०.९६		२,७४,७७,८४०.९६	६,०९,२०,१६३.१५		६,०९,२०,१६३.१५

छ)	विनिमय नाफा/ घाटा तथा अन्य समायोजन								
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		२,१५,१६,१२५.२९		२,१५,१६,१२५.२९	२,७४,७७,८४०.९६		२,७४,७७,८४०.९६	